वर्ष : १६, अंक : ८, काठमाडौं, २०७७ जेठ २३ गते शुक्रबार, 5 June 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse@gmail.com

# कोरोना नियन्त्रणमा चुक्यो प्रदेश २ सरकार, संकट व्यवस्थापनमा पूर्णतः असफल

काठमाडौं । कोरोना भाइरसको संक्रमणबाट प्रदेश र जनतालाई जोगाउन सम्पूर्ण ध्यान केन्द्रित गर्नुको साटो प्रदेश २ सरकारको ध्यान अन्यत्र जाँदा मुलुक रोग र भोकको चपेटामा फस्दै गएको छ । प्रदेश २ लाई कोरोना भाइरस संक्रमणको उच्च जोखिमस्थलका रूपमा हेरिएको छ । भौगोलिक अवस्थिति र जनसंख्याको दृष्टिकोणबाट प्रदेश २ लाई कोरोनाको उच्च जोखिमस्थलमा हेरिएको हो ।

प्रदेशका आठवटै जिल्ला भारतीय सीमासँग जोडिएका छन् । भारतबाट आवतजावत बन्द गर्न नाकामा कडाइ गरिए पनि आउजाउ रोकिन सकेको छैन । लकडाउनको अवधिमा समेत लुकिछिपी सयौं मानिस नेपाल प्रवेश गरेका छन् । भारतबाट आवतजावत रोक्न नसकेपछि प्रदेशमा कोरोना संक्रमणको थप जोखिम बढेको हो ।

लकडाउन सुरु भएको साढे दुई महिना हुन लाग्दा भाइरस संक्रमण देशभरि फैलिने अवस्थामा पुगेको छ । साढे दुई महिनाको यो समयमा कोरोनाविरुद्ध लड्ने थप तयारीमा प्रयोग गर्न प्रदेश २ सरकार चुकेको छ । महामारीका कारण आउनसक्ने संकटलाई ध्यानमा राखेर आवश्यक स्वास्थ्य सामग्रीको जोहो गर्नेलगायतको तयारीमा ध्यान दिन सरकार असफल भएको हो ।

केही दिनयता संक्रमण तीव्र गतिमा बढेसँगै आइसोलेसन वार्ड अभाव हुन थालेको छ, क्वारेन्टिनको अवस्था दयनीय छ । पछिल्लो समय क्वारेन्टिन नै रोग सर्ने स्थान बन्ने त होइन भन्ने प्रश्न उठेको छ । न्यूनतम मापदण्ड पनि पूरा नभएका क्वारेन्टिनको समेत अभाव हुन थालेको छ । परीक्षण दायरा नबढाउँदा संक्रमणको आकलन अझै हुन सकेको छैन भने ज्यान गुमाएकाको कोरोना परीक्षण निधनपछि मात्र भइरहेको अवस्था छ ।

लकडाउन लम्बिँदै जाँदा असंगठित क्षेत्रका मजदुरमात्र होइन, मध्यमवर्गीय परिवार पनि रोग होइन, भोकले मरिने त होइन भन्ने अवस्थामा पुगेका छन् । तर सरकारको ध्यान संक्रमणसँग जुध्नका लागि आवश्यक पर्ने स्वास्थ्य सामग्रीको जोहोसहितका व्यवस्थापकीय पक्षमा छैन, उल्टो विषयान्तर गरेर अकर्मण्यता छोप्ने र परिस्थिति आफ्नो अनुकूल बनाउन लकडाउनलाई उपयोग गर्ने नीतितिर अग्रसर छ ।

केही परिस्थितिजन्य अवस्था र कतिपय नेतृत्वका कारण लकडाउनपछिको समय दुई महिनाको समय कोरोनाविरुद्धको तयारीमा प्रदेश सरकारले उपयोग गर्न सकेको छैन । लकडाउनलाई नै प्रदेश सरकारले उपचार ठानेर बसेकै कारण क्वारेन्टिन, स्वास्थ्य सामग्रीसहितको व्यवस्थापकिय पक्ष कमजोर भएको छ । संक्रमणसँग जुध्नका लागि आवश्यक तयारीका लागि साधन थियो लकडाउन तर प्रदेश सरकारले त्यसलाई साध्य नै बनाइदियो ।



प्रदेश सरकारको ध्यान संक्रमणसँग जुध्न आवश्यक व्यवस्थापकीय पक्षमा छैन, उल्टो विषयान्तर गरेर अकर्मण्यता छोप्ने र परिस्थिति आफ्नो अनुकूल बनाउन लकडाउनलाई उपयोग गर्ने नीतितिर अग्रसर छ । विश्वमै महामारीको रुप लिएको कोरोना भाइरसको संक्रमण नेपालमा नदेखिने भन्ने थिएन । त्यसमा पनि माघमै नेपालमा कोरोना भाइरसको संक्रमण देखिएपछि त्यसको मुकाबिला गर्न केन्द्र होस् या प्रदेश सरकार, उनीहरुले तयारी गर्नुका साथै जनतालाई पनि तयार गर्नुपर्ने थियो । संक्रमण कम गर्न अपनाउनुपर्ने सावधानी र जनचेतना फैलाएर भौतिक, मानवीय र प्राविधिक तयारीमा सरकार जुट्नुपर्ने हो तर त्यो हुन सकेको छैन ।

जनकपुरसहितका ठाउँमा प्रयोगशाला स्थापना भए पनि सञ्चालन हुन सकेका छैनन् । सञ्चालनमा आएका प्रयोगशालामा पनि आवश्यक सामग्री अभावमा नमुना थन्किएर बसेका छन् । कामका लागि भारत गएका नागरिक धमाधम फर्किंदा जोखिमको मात्रा बढ्दै गएको छ तर संघीय सरकारले क्वारेन्टिन निर्माणसहितका विषयमा प्रदेश र स्थानीय तहलाई जिम्मेवारी पन्छाउँदा अवस्था थप जटिल बन्न पुगेको छ । सीमित स्रोत, साधन, योग्यता र दक्षताको अभावसँगै बढ्दो संक्रमणलाई स्थानीय सरकारले धान्नसक्ने अवस्था न्यून बन्दै गएको छ ।

छिमेकी मुलुक भारत र अन्य देशमा हाम्रा नागरिक कति छन् भन्ने तथ्यांकको अभावले पनि समस्या ल्याएको छ । स्थानीय सरकारबाट कुन देशमा कति नागरिक छन् भन्ने तथ्यांक संकलन गर्न सकिने भए पनि कुनै पनि तहको सरकारले त्यता ध्यान दिएन ।

कोरोना भाइरसले सयौं वर्ष लामो मानव सभ्यता र सोचाइलाई हल्लाइदिएको छ । समाज, सरकार र सामूहिकतामाथि प्रश्न उठ्न थालेको छ भने राजनीतिक स्वतन्त्रता, बजारले दिने छनोटको अधिकार खुम्चिन पुगेको छ । विगतमा निर्माण भएका संस्थाहरुमाथि प्रश्न उठ्न थाले पनि संकटबाट देश र जनतालाई जोगाउन सबै देशहरुले आआफ्नै ढंगबाट प्रयास गरिरहेका छन् । जनताप्रति शासक स्नेही देखिएका छन् । तर नेपालमा भने राज्य सञ्चालक उल्टै जनतालाई उद्वेलित बनाउने काममा लागेका छन् ।

**बेपरवाह सरकार**

प्रदेश २ मा कोरोना संक्रमित संख्या बढ्दो क्रममा छ । स्वास्थ्य मन्त्रालयका अनुसार हालसम्म कोरोना संक्रमणका बिरामी प्रदेश २ मा सबैभन्दा धेरै देखिएका छन् ।

स्वास्थ्य मन्त्रालयको नियमित लाइभ अपडेटमार्फत मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाले प्रदेश २ मा सबैभन्दा धेरै संक्रमित रहेको जानकारी दिए । तर कोरोनाको उच्च जोखिममा रहेको प्रदेश २ मा अझै पूर्ण रूपले तयार हुन नसकेको आरोप लागिरहेको छ ।

'भिटिएम' किटको अभाव हुँदा स्वाब संकलनमा समस्या भएपछि जाँचको दायर बढ्न नसकेको सामाजिक विकास मन्त्रालयका आपूर्ति महाशाखाका निर्देशक डा. प्रमोद यादव बताउँछन् । 'स्वाब संकलन गर्न 'भिटिएम' नभइ हुँदैन, हामीसँग अभाव भएको छ,' डा. यादवले भने, 'भिटिएम अभाव भएपछि जाँचको दायरा हामीले चाहे जस्तो अझै हुन सकेको छैन ।'

डा. यादवका अनुसार जाँचको दायर बढाउन दैनिक १५ सयदेखि २ हजार भिटिएम आवश्यक छ । तर, मौज्दात सकिएपछि स्वाब संकलनमा समस्या देखिएको उनले बताए ।

कोरोनाविरुद्धको लडाइँका लागि पर्याप्त समय पाए पनि प्रदेश सरकारले आवश्यक तयारी गर्न नसकेको आरोप पनि लागिरहेको छ । कोरोनाविरुद्ध तयारी गर्न पर्याप्त समय रहे पनि प्रदेश सरकार हचुवाका भरमा अघि बढेको प्रतिपक्षी दल नेपाली कांग्रेसका संसदीय दलका नेता रामसरोज यादवको आरोप छ ।

कोरोनाकै लागि प्रदेश सरकारले दुई अर्ब रुपैयाँ निकासा गरेको सुनेको भन्दै उनले दुरुपयोग गर्न मात्र पैसा निकालिएको हो या महामारी रोक्न सरकारले जवाफ दिनुपर्ने बताए ।

# राजपा संविधान संशोधन प्रस्तावको विपक्षमा

काठमाडौं । राष्ट्रिय जनता पार्टी (राजपा)नेपालले सरकारले ल्याएको संविधान संशोधन प्रस्तावको पक्षमा मतदान नगर्ने निर्णय गरेको छ । सो पार्टीको बसेको संसदीय दलको बैठकले त्यस्तो निर्णय गरेको हो ।

सरकारले नेपालको संविधानको अनुसूची ३ मा रहेको नेपालको निशान छापभित्र अंकित नेपालको नक्सालाई नेपालको वास्तविक सीमा अनुरुप मिलाउन आवश्यक भएको भन्दै संविधानलाई संशोधन गर्न प्रतिनिधि सभामा प्रस्ताव दर्ता गराएको छ । तर, विभिन्न मुद्दामा संविधानमा संशोधन गर्न आफूहरुले माग गर्दै आएपनि हालसम्म त्यो संशोधन हुन नसकेको अवस्थामा सरकारले ल्याएको संशोधन प्रस्तालाई मात्र समर्थन गर्न नसकिने राजपाको निष्कर्ष छ ।

सरकारले गर्न लागेको संविधान संशोधनमा आफूहरुको माग पनि समावेश गरि प्याकेजमै संशोधन गर्न राजपा नेपालले माग गर्दै आएको छ । यसअघि राजपा नेपालले ाफूहरुको मागबारेको संविधान संशोधनको प्रस्ताव संसदको सचिवालयमा दर्ता गराउन पनि गएको थियो तर सो प्रस्ताव दर्ता हुन सकेन ।

संसदीय दलको बैठकले राजपा नेपालको माग सम्बोधन हुने गरी संविधान संशोधन नभए सरकारले ल्याएको संविधान संशोधन प्रस्तावमा मतदान नगर्ने निर्णय गरिएको राजपा नेपालका सांसद प्रमोद साहले बताए ।



**समय सन्दर्भ** — रामकुमार शर्मा

# मधेशका असन्तुष्टिहरु सम्बोधन गर्नुपर्छ

तराई मधेशको प्रतिनिधित्व गर्ने राजनीतिहरु दलहरु संविधान निर्माण प्रक्रियामा सहभागी भएनन्, संविधान जारी हुँदा उहाँहरुले संविधानमा हस्ताक्षरसमेत गर्नुभएनन् । त्यतिबेला मधेशमा धेरै ठूलो आन्दोलन भयो, हजारौं मान्छे घाइते भए । नेपालको इतिहासमा सबैभन्दा ठूलो विद्रोहको रुपमा त्यो आन्दोलनलाई लिन सकिन्छ । त्यो बेला कांग्रेस, एमाले र माओवादीले जुन संविधान जारी गरे, त्यसमा यो देशको अत्यन्त रणनीतिक महत्व बोकेको तराई मधेश र यो देशको एक तिहाइ जनसंख्याले यो संविधानप्रति अनत्व ग्रहण गर्न सकेन । यस्तो अवस्थामा देशलाई एकताबद्ध गर्ने कुरा हाम्रो लागि अत्यन्त आवश्यक हो । हामी दुई विशाल छिमेकीबाट घेरिएका छौं । अहिले देशकै सार्वभौमसत्तामाथि प्रश्न उठ्दा सबै नेपाली एक ठाउँमा उभिनुपर्छ र उभिएको पनि छ । कालापानी, लिपुलेक र लिम्पियाधुरासहितको जुन नक्सा सार्वजनिक भएको छ, यस विषयमा हाम्रो आन्तरिक राष्ट्रियतालाई बलियो बनाउनुपर्छ । राज्यको मूलप्रवाहबाट टाढा रहेका, दोस्रो दर्जाको नागरिकको रुपमा जुन महसुस भइरहेको ती कुराहरुलाई अहिले हटाएर सम्पूर्ण नेपालीलाई एक ठाउँमा ल्याउने र आन्तरिक राष्ट्रियता बलियो बनाउनुतर्फ लाग्नु नै मुख्य विषय हो । एउटा परिस्थितिमा संविधान जारी गरियो, त्यो ठिकै भयो । त्यहीं बेला तराई मधेशका असन्तुष्टिहरु सम्बोधन गरेर गएको भए आज हामी अर्को ठाउँमा हुन्थ्यौं । त्यसबेला अनेक कारणले गर्न सकेनौं ।

यसमा दुईटा विषय छ । एउटा हाम्रो सार्वभौमसत्ता र राष्ट्रियता हो । हाम्रो सार्वभौमसत्ता जोगाउनका लागि समग्र राष्ट्र एक ढिक्का भएर छिमेकी मुलुकसँग टुंग्याउनुपर्ने हो । समग्र राष्ट्र एक ढिक्का हुन आन्तरिक राष्ट्रियतालाई बलियो बनाउनैपर्छ । त्यसका लागि संविधानमा सबैले अपनत्व महसुस गर्ने वातावरण बनाउन आवश्यक छ । हामीले प्रधानमन्त्री केपी शर्मा ओलीलाई धन्यवाद दिनैपर्छ कि यस्तो पूरानो र विवादित कुरामा जसरी विगतका कुनै सरकारले आफ्नो प्रष्ट अडान राख्न सकेको थिएन । हाम्रो प्रधानमन्त्री ओलीले वर्षौंदेखिको विवादित कुरामा बडो स्पष्टताका साथ आफ्नो कुरा राख्नुभो । उहाँले कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपालको भूभाग, भारतले फिर्ता गर्नुपर्छ र त्यसका वार्ता गरौं भनेर आह्वान पनि गर्नुभएको छ । सौभाग्यवश यसबारे सबै पार्टीको धारणा अहिले एउटै छ ।

हाम्रो भूमिसँग जोडिएको विषयमा हामी एकढिक्का हुनैपर्छ । हामी एकढिक्का भएर हाम्रा प्रमाणहरुसहित भारतसँग वार्ता गरियो भने हाम्रो पक्षमा निर्णय हुनसक्छ । यस विषयमा सबै पार्टी अहिले एक ठाउँमा उभिएको छन् । अहिले संविधान संशोधन गर्दा मधेशका मुद्दाहरु पनि सँगै लग्दा राम्रो हुन्थ्यो । मधेशकेन्द्रित दलहरुको भनाई एक प्रकारले ठिकै हो । किनकि संविधान जारी हुँदा उहाँहरुको हस्ताक्षर छैन । सरकारसँग हाम्रो आग्रह पनि हुन्छ कि मधेशका सबै मागहरु सम्बोधन गरोस् । तर कथम्कदाचित ती विषयहरु एकैसाथ सम्बोधन गर्न समय लाग्यो भने त्यसमा छलफल गर्न सकिन्छ । यसैमा अड्काएर सीमासम्बन्धी विषयलाई रोक्नु हुँदैन ।

तराई मधेशबाट उठेका मागहरु सबै जायज छन् । यस विषयमा सरकार र विपक्षी पार्टीहरुले एउटा राष्ट्रिय सहमति गरेर एकै साथ संविधान संशोधन गरेर जाँदा वा सहमति गरेर विश्वासमा लिएर अघिपछि संशोधन गर्न सकियो नेपालको राष्ट्रिय एकता बलियो हुन्छ । यसले गर्दा दुवै छिमेकीलाई नेपालको बारेमा राम्रो सन्देश जान्छ । जसरी पृथ्वीनारायण शाहले भौगोलिक एकीकरण गरेको छ, त्यसरी नै अहिलेको सरकारको नेतृत्व गरिरहेको नेकपाले मधेशबाट उठेका मागहरुलाई सम्बोधन गर्न सक्यो भने नेकपालाई देशैभरि लोकप्रिय बनाउन सकिन्छ । यसले मधेशमा नेकपाप्रति अत्यन्त सकारात्मक सन्देश जान्छ । यसले मुलुकलाई कुनै पनि दृष्टिकोणले क्षति गर्दैन । संविधान जारी गर्ने बेलामा प्रचण्डजी मधेशको मुद्दाप्रति सकारात्मक नै हुनुहुन्थ्यो । पूर्वमाओवादीले मधेशको मुद्दा उठाएकै थियो । संविधान जारी गर्ने बेलामा कांग्रेस पनि सकारात्मक नभएकोले प्रचण्डजी बाध्य भएर प्राप्त उपलब्धिलाई संस्थागत गर्न र बाँकी मुद्दाहरुलाई संशोधनमार्फत् सम्बोधन

*बाँकी पृष्ठ २ मा*



# सम्पादकीय

## सीमा विवाद, नयाँ नक्सा र संविधान संशोधन

निशान छापमा थप केही भूभाग समेट्ने गरी दोस्रो पटक संविधान संशोधनको प्रस्ताव गरिएको छ। प्रमुख प्रतिपक्षी काँग्रेससहित राजपा र समाजवादी पार्टीले संयुक्त रुपमा पनि संविधान संशोधन प्रस्ताव दर्ता गराएको छ।

आवश्यकता र औचित्यका आधारमा यो कुनै पनि बेला संशोधन हुने भए पनि नेपालको संविधान २०७२ को दोस्रो संशोधनले भने ऐतिहासिक महत्व राख्ने भएको छ। सुदूरपश्चिमको दार्चुला जिल्ला अन्तर्गतको लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रलाई समेटेर अद्यावधिक नेपालको भौगालिक तथा राजनीतिक नक्सा सरकारले २०७७ जेठ ६ गते सार्वजनिक गरेपछि संविधानमा रहेको निशान छापमा नक्सा परिवर्तन गर्न संविधान संशोधन गर्न लागिएको छ। यससँगै मुलुकको नयाँ नक्सा प्रचलनमा ल्याएसँगै संविधान संशोधनको प्रक्रिया अघि बढेको छ। संविधानको अनुसूची-३ मा नेपालको निशान छापमा कालापानी, लिपुलेक र लिम्पियाधुराको क्षेत्र छुटेको हुनाले यी क्षेत्र समावेश भएको नक्सा संविधानमा राख्न संविधान संशोधनको प्रस्ताव संसदमा दर्ता भएको हो।

**सीमा विवाद समाधानमा सरकारले नेतृत्वदायी भूमिका खेल्नुपर्छ। छिमेकी मुलुक चीनलाई समेत शुभेच्छुक मित्रको भूमिका निर्वाह गर्न आग्रह गर्नुपर्छ। भारतले मिचेको भूभागलाई फिर्ता लिन दुई देशबीच कूटनीतिक एवं राजनीतिक वार्तालाई पहिलो प्राथमिकता दिनुपर्छ।**

संविधान संशोधनका लागि दुईतिहाइ बहुमत भए पुग्छ। करिब दुईतिहाईको बहुमतमा रहेको सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) लाई यो प्रस्ताव पारित गराउन नेपाली काँग्रेस, राष्ट्रिय जनता पार्टी र सङ्घीय समाजवादी पार्टीमध्ये कुनै एउटा दलले समर्थन गरे पर्याप्त हुन्छ। प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेस केन्दीय समितिले संविधान संशोधनको पक्षमा मत प्रकट गर्ने निर्णय गरिसकेको छ। फलतः संशोधनका लागि आवश्यक सङ्ख्या पुगिसकेको छ भने राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय जनमोर्चा र नेपाल मजदुर किसान पार्टीले पनि संशोधन प्रस्तावमा समर्थन गर्ने भएका छन्। तर मधेश राजनीतिमा केन्द्रित दलहरू राष्ट्रिय जनता पार्टी र सङ्घीय समाजवादी पार्टीले गैरसरकारी विधेयकका रूपमा संविधान संशोधनको अर्को प्रस्ताव संसद्मा दर्ता गराई सरकारले दर्ता गराएको संशोधन प्रस्तावको पक्षमा मतदानका लागि शर्त राखेका छन्। सीमा विवाद समाधानमा सरकारले नेतृत्वदायी भूमिका खेल्नुपर्छ। छिमेकी मुलुक चीनलाई समेत शुभेच्छुक मित्रको भूमिका निर्वाह गर्न आग्रह गर्नुपर्छ। भारतले मिचेको भूभागलाई फिर्ता लिन दुई देशबीच कूटनीतिक एवं राजनीतिक वार्तालाई पहिलो प्राथमिकता दिनुपर्छ। यसमा त्रिपक्षीय वार्ताको पनि आवश्यक परे दोस्रो छिमेकी मुलुक चीनलाई समेत संलग्न गराउनुपर्छ। अब यस्तो वार्ता परराष्ट्र मन्त्रीस्तरीय वा दुवै देशका प्रधानमन्त्रीबीच वार्ता हुनु जरुरी छ।

ओली सरकारको लाचारी र गैरकूटनीतिक गतिविधिले समस्या हल हुन सक्दैन। यो विषय ओली सरकारलाई मात्रै सुम्पेर पार लाग्दैन। किनभने ओली यतापट्टि संवेदनशील छैनन्। सम्पूर्ण नागरिक समाज, राजनीतिक दल र आम जनता नै राष्ट्रको अस्मिता जोगाउन सचेत बन्नु जरुरी छ।

नागरिक तहमा समेत लिम्पियाधुरा नेपाली भूभाग भएको यथेष्ट प्रमाण थिए। अतिक्रमित भूभाग नेपालको हो भन्ने यथेष्ट प्रमाण छ, तर सरकार त्यो लिन वास्ता गर्दैन। त्यसैले यो मुद्दाको हल खोज्न बृहत् राष्ट्रिय सहमति आवश्यक छ। नेपालका तर्फबाट नक्सा पारित भएको घोषणा गर्दैमा भूमि फर्कन्छ भन्ने आधार छैन।

## मधेशको...

गर्ने भन्दै ९० बुँदे मत राख्दै उहाँले संविधान हस्ताक्षर गर्नुभएको छ। त्यसकारणले यो एउटा राम्रो समय हो। तर यसका लागि जनता समाजवादी पार्टीले कस्तो भूमिका निर्वाह गर्छ र अब कांग्रेसको भूमिका के हुन्छ त्यो हेर्न बाँकी छ। अहिले पनि कांग्रेसको भूमिका अत्यन्त महत्वपूर्ण छ। अहिले मधेशको माग सम्बोधन नगरी नक्सा मात्रै पारित गर्ने पक्षमा गयो भने यसले राम्रो गर्दैन। हामी सबैलाई थाहा छ कि एमाले र माओवादी पार्टी एक त भयो तर, अहिलेसम्म पनि पूर्णरुपमा मत मिलेको अवस्था छैन। नेकपाभित्र दुई प्रकारको विचार, संस्कृति, संघर्ष र सोच भएका नेतृत्वहरु अहिले एक ठाउँमा आएका छन्। तर, संघीयता, तराई मधेश, प्रदेशलाई अधिकार सम्पन्न बनाउने लगायतका विषयमा कहीं न कहीं नेकपाभित्र एउटा डिवेट छ। मधेशलाई केन्द्र बनाएर राजनीतिक गर्ने दलहरुका लागि मधेशको मुद्दा बटम लाइन हुने नै भयो तर यसको महत्वपूर्ण पक्ष कांग्रेस पनि हो। मधेशको सवालमा कांग्रेसको जहिले पनि द्वैध चरित्र देखिन्छ। कांग्रेसका नेताहरुले मधेशलाई अधिकार दिने सवालमा पछाडि हट्ने गरेको इतिहास छ। पछि तिनै मधेशी दलका नेताहरुसँग मिलेर राजनीतिक दाउ खेल्छ। कम्युनिष्टहरुलाई साम्यवादी हो भनेर आरोप लगाउने गरेका छन् र आफूलाई लोकतन्त्रवादी भन्छ। कांग्रेसको दोहोरो भूमिका कारण नेकपालाई ठोस निष्कर्षमा पुग्न समस्या खडा गर्दो रहेछ। त्यसकारण मधेशको मुद्दा सम्बोधन गराउन जसपाले पहिला कांग्रेसलाई विश्वासमा लिनुपर्छ। कांग्रेस विश्वासमा आइसकेपछि, कांग्रेस र जसपा दुवै मिलेर प्रचण्डजीसँग पनि कुरा गर्ने र हाम्रो प्रधानमन्त्रीजीसँग पनि कुरा गर्नुपर्छ। कांग्रेस र जसपाबीच एउटा सहमति भइसकेपछि प्रचण्डजी र प्रधानमन्त्रीजीसँग कुराकानी भयो भने मधेशका मुद्दाहरु समाधान हुनसक्छ। यसका लागि हामी पनि आफ्नो पार्टीभित्र छलफल गर्छौं। यदि हामीले समग्र देशलाई एउटा भावनामा जोड्न चाहन्छौं, नेपाली राष्ट्रवादको भावनाले अगाडि बढ्छ चाहन्छौं भने मधेशको समस्या सम्बोधन नगरी हुँदैन। हामी आफ्नो तर्फबाट यी विषयहरुलाई उठाउँदै आएका छौं।

# नयाँ नक्शाका लागि संविधान संशोधन प्रकरण : अघोषित युद्धको शुरुवात



सरिता गिरी

अन्तराष्ट्रिय सम्बन्धमा मुलुक हरु बीच को सम्बन्ध को आधार नै विश्वसनीयता नै हुन्छ। तर अहिले को सरकार अन्तराष्ट्रिय जगतमा गरे का महत्वपूर्ण संधि र प्रतिबद्धता बाट पछाडी हटी रहेको छ र सदियों देखि भारत र नेपाल बीच रहेको संम्बन्धको संरचनामा आधारभूत परिवर्त्तन ल्याउन खाज्दैछ। निश्चित रुपमा यस बाट सम्पूर्ण देश र जनता त प्रभावित हुन्छन नै तर सब भन्दा बढी मधेशी जनता प्रभावित हुने वाला छन।इस्ट इंडिया कम्पनी संग नेपाल ले सन् १८१६ मा गरेको सुगौली संधि लाई आधार बनायी नेपाल सरकार ले शुरु गरे को नक्शाको राजनीति भारत संग अघोषित युद्धको घोषणा गरेको छ। यो १९५० को नेपाल भारत शांति र मित्रता को संधि विपरीत छ। नेपाल र इस्ट इंडिाया कम्पनी बीच भए को १८१६ को संधि र नेपाल र भारत बीच भएको १९५० को संधि नेपाल में रहे को मधेश तथा मधेशी को अस्तित्व संग पनि जोडिए को हुनाले यो मधेशी समुदाय का लागि गम्भीर चासो को विषय हुन पुगे को छ। अहिले को घटनाक्रम मधेशी समुदाय का लागि सूक्ष्म अध्ययन र मनन को विषय हुँदै गएको छ किन भने यो विषय मधेशी समुदाय को अस्तित्व,अधिकार र स्वतंत्रता संग जोडिएको छ।

नया नक्शा प्रकरण मा सरकार अहिले धेरै तथ्य र प्रमाण ओझेल मा राख्दै भारत संगको अत्यन्त सीमित क्षेत्र मा रहेको सीमा विवाद लाई पहाडी राष्ट्रवाद संग जोडी आम जनता लाई भ्रममा पारी दिएको छ। भारत विरोधी पहाडी राष्ट्रवाद लाई आधार बनायी भारत नेपाल सीमा मा सेना र प्रहरी को संचालन गरी सम्पूर्ण मधेश लाई बंदी गृह मा परिणत गर्ने अभियान पनि नेपाल सरकार संग संगै चलायी रहे को छ। यस बाट मधेश मा असुरक्षाको भावना बढदै गई रहेको छ। हुन त आजको घटना क्रम को बीजारोपण २०६५ को संविधान सभा को विघटन र मधेशी दलहरु लाई बाहिर राख्दै २०७२ को संविधान निर्माण को क्रम मा नै गरिए को थियो २०७२ साल को संविधान जारी भए पछि नियन्त्रित रुपमा भारत संगको शांति र मित्रता संधि १९५० बारे सरकारी स्तर बाट पुनरावलोकन को मांग उठेको हो। १९५० को संधिमा कुनै प्रकार को संशोधन संधिमा गरिने व्यवस्था छैन। उक्त संधि अनुसार कुनै पनि पक्षले एक वर्ष को अग्रिम सूचना दिई १९५० को संधि बाट मुक्त हुन सक्दछ। तर संधि को अक्षर र भावना विपरीत उक्त संधिको पुनःमुल्यांकन गर्ने बारे नेपाल र भारत सरकार बीच भए को सहमति अनुसार संधि को मूल्यांकन का लागि दुबै पक्षको विज्ञ हरु लाई समावेश गरी विज्ञ हरु को समूह (झ्ष्लभलत उभचकयलक न्चयगउ) एमीनेंट पर्सन्स ग्रुप को गठन गरी संधि को मूल्यांकन गर्दै प्रतिवेदन तैयार पनि पारिए को छ तर प्रतिवेदन सार्वजनिक गरिएको छैन र दुबै सरकारले आधिकारिक रुप मा उक्त प्रतिवेदन गैहण पनि गरेका छैनन। तर बाहिर आए समाचार आए अनुसार उक्त प्रतिवेदन मा नेपाल पक्ष बाट नेपाल भारत को सीमानामा तार बार लगाउने प्रस्ताव गरिए को छ। उक्त समूहमा १८१६ कोसुगौली संधि र १९५० को शांति र मित्रता संधि को उल्लंघन गर्दै कुनेमधेशी लाई नेपाल पक्ष बाट समावेश गरिएको थिएन र भारत नेपाल सीमामा तार बार लगाउने प्रस्ताव मधेशी हरु को परम्परागत सामाजिक, आर्थिक , सांस्कृतिक र राजनीतिक अधिकार माथिको ठाडो आक्रमण हो। नेपाल को पक्ष बाट गरिए को त्यस्तो प्रस्ताव संयुक्त राष्ट्र सघ ले सुनिश्चित गरेको आर्थिक रामाजिक र सांस्कृतिक अधिकार बारेमा गरिएका संधिहरु को पनि उल्लंघन हो।

मधेशी आँखा बाट हेर्दा भारत संग गरिएको १९५० को संधिको जडमा पनि सुगौली संधि नै हो। सुगौली संधि को आधारमा जब तराई को जमीन इस्ट इंडिया कम्पनी ले नेपाल लाई जिम्मा लगायो तब तराई को बासिन्दा हरुको बारे मा संधिमा इस्ट इंडिया कम्पनी को तर्फ बाट चिंता व्यक्त गरिएको छ। भनिएको छ कि तराई मूल का बासिंदाहरु १८१४ देखि १८१६ सम्म भएको दुई वर्ष को युद्धमा ईस्ट इंडिया कम्पनी लाई साथ दिएको हुना ले तराई को भूमि नेपाल मा जांदा तराई मूल का बासिंदा हरु लाई नेपाल राज्यले प्रताडित गर्ने छैन। १९५० को संधि ले १८१६ को संधिको मर्म र भावना लाई सके सम्म आत्मसात गर्ने प्रयास गरेको देखिन्छ। १९५० र १८१६ को संधि पुनः चर्चामा आएको हुना ले अब मधेशी समुदाय ले पनि नेपाल मा आफनो स्थिति र अवस्था बारे मूल्यांकन गर्ने समय पनि आई सकेको छ।

नक्शा विवाद

सन् १८१६ र सन् १८६० को संधि अनुसार मेची देखि महाकाली सम्म मधेशको भूमि दुई चरण मा नेपाल को भाग हुन पुगेको हो। त्यस पश्चात् १९२० मा भएको शारदा नदी सम्बन्धी संधि र भारत संग भएको १९५० को संधि ले नेपाल लाई अन्तराष्ट्रिय जगत मा एउटा कानूनी व्यक्तित्व प्रदान गर्न सहयोग पुर्याए को छ। १९५० को संधि को आधारमानै भारत ले नेपाल लाई संयुक्त राष्ट्र संघको सदस्यता प्राप्त गर्नका लागि सिफारिश र सहयोग गरेको हो। १९५५ मा नेपाल ले संयुक्त राष्ट्रसंघमा सदस्यता का लागि निवेदन दिंदा नेपाल मा अहिले प्रचलनमा रहेको नक्शा नेपाल ले संयुक्त राष्ट्र संघको सदस्यता प्राप्त गर्नका लागि पेश गरेको छ। अहिले प्रचलित नक्शाको आधारमा भारत र नेपालले कालापानी र सुस्ता क्षेत्र लाई विवादित क्षेत्र स्वीकार गरी कुटनीतक माध्यम बाट समस्याको समाधान का लागि लिखितरुपमा विदेश मंत्री को स्तरमा २०१४मा सहमति भएको रहे छ। त्यती हुंदा हुदै १८१६को सुगौली संधि लाई आधार बनाई अहिलेको जुन नक्शा नेपाल सरकार ले अगाडी सारेको छ ,त्यस बाट नेपाल को तत्काल हित हुने वा नेपाल को तत्काल कुनै स्वार्थ पूर्ति हुने अस्थिा त्यहाँ विद्मान भए जस्तो दाग्दै न। तर नेपाल भारत र चीन को त्रिदेशीय क्षेत्र भएको अवस्थामा उक्त क्षेत्रमा द्वन्द भएमा नेपालले चीन लाई भारत विरुद्ध उक्त भूभाग बाट प्रयोग गर्न सक्छ। यहाँ स्मरणीय छ कि नेपाल ले मात्र कालापानी र लिपुलेक लाई आफनो नया नक्शामा देखाए को छैन बरु आज सम्म नेपालको कुनै आधिकारिक नक्शामा न भएको कालापानी र लिपुलेक भन्दा माथिको स्थान लिम्पियाधुरा पनि देखाएको छ। द्वन्द को अवस्था मा उक्त स्थानमा चिनिया सैनिक आए भने भारत र नेपाल दुबै देश को सुरक्षा मा खतरा बढने अवस्था रहन्छ। भारत संग विवाद गरी नेपाल ले जुन नक्शा अगाडी सारेको छ , त्यसले गर्दा अब नेपाल र भारत बीच सीमा विवाद जटिल भए को छ।

१८वीं १९वीं र २०वीं शताब्दीमा पटक पटक नेपालको नक्शा पनि बदलिएको प्रमाण हरु भेंटिन्छ देखिन्छ। नेपालको नक्शा पहिला ब्रिटिशहरु ले नै बनाए का हुन। १८१६ को सुगौली संधि पछिको नक्शा बादमा १८६० को संधि पछि पनि परिवर्त्तित भएको छ। त्यस पछि प्रंधानमंत्री चन्द्र शमशेर राणा ले सन् १९२५ मा ब्रिटिश सर्वेयर हरु को सहयोग लिई दुई वर्ष को मिहनत पछि १९२७ मा तैयार भएको नक्शा लाई प्रंमाणित गरेका छन। उक्त नक्शा नेपाल ले बनाउन लगाएको पहिलो आधिकारिक नक्शा हो। त्यस पछि १९५० मा नेपालमा राजा, राणा र कांग्रेस को संयुक्त सरकार ले संयुक्त राष्ट्र संघमा नक्शा पठाएको छ। त्यस पछि राजा महेन्द्र को प्रत्यक्ष शासनकालमा भुगोलविद् र राजा का अत्यन्त विश्वासपात्र हर्क गुरुंग ले तैयार पारे को दुई वटा नक्शा देखिन्छ। एउटा नक्शा सन् १९६३ भंदा अघि को अर्थात् भारत चीन बीच सन् १९६२ को युद्ध भ्रदा अघि को हो भने अर्का नक्शा सन् १९६३ को पछिको हो अर्थात् भारत चीन युद्ध पछिको हो। कालापानी क्षेत्रमा र तिब्बत तर्फ पनि दुबै नक्शा फरक रहेको देखिन्छ।

भारत चीन युद्धको दौरान भारत ले १७ ठाँउमा नेपाल माथि चीनिया अतिक्रमण रोक्न सैनिक चौकी राख्न आदेश दिएको थियो। युद्ध पछि अन्य सैनिक चौकी भारत ले हटायो तर कालापानी को क्षेत्रमा चौकी कायम नै रहयो। भूगोलविद् हर्क गुरुंग को नक्शामा परिवर्त्तन कालापानी र तिब्बत नेपालको सीमाना मा भए को देखिन्छ। कालापानी क्षेत्र को बारेमा केही धेरै जनाको भनाई रहेको छ कि उक्तक्षेत्रमा राजा महेन्द्र ले सदिच्छा गरी भारतीय सेना लाई बस्न दिएका थिए। यस्तो पनि हुन सक्छ तर हर्क गुरुंग ले १९६३ पछि को नेपाल को नक्शामा किन परिवर्त्तन ल्याए , त्यस्को कारण कतै उल्लेख छैन र जाने का व्यक्तिहरु पनि मौन छन कि परिवर्त्तन को कारण के हो यहँ उल्लेखनीय छ कि १९६१ मा राजा महेन्द्र ले चीन को भ्रमण गरी चीन संग सीमाना सम्बन्धी संधि गरेका थिए , १९६२ मा भारत र चीन बीच युद्ध भयो र १९६३ मा नेपालको नक्शा मा परिवर्त्तन भएको देखिन्छ।

नया प्रस्तावित नक्शा र छिमेकी हरु

लिम्पियाधुरा सहितको नया नक्शा सरकार ले स्वीकृत गरे पछि भारत र चीन दुबै देशले कुटनीतिक नोट जारी गरे को छ। भारत ले नेपाल सरकार ले जारी गरेको नक्शा अस्वीकार गरेको छ भने चीन ले कालापानी र सुस्ता को सम्बन्धमा भएको विवाद लाई द्विपक्षीय वार्त्ता द्वारा समााधान गर्न आह्वान गरेको छ। साथै चीन ले त्रिदेशीय मिलन बिंदु को क्षेत्रमा कुनै देशले एकपक्षीय ढंग ले कुनै कार्य न गर्न आह्वान समेत गरेको छ। चीन का विदेश मंत्रीले बेइजिंगमा नेपालका राजदूत लाई बोलाई दिएको कुटनीतिकनोटमा सबै कुरा उल्लेख भएको हुना ले यो सहजै बुझन सकिन्छ चीन ले नेपाल लाई यथास्थिति मा बस्न संदेश दिएको छ। यतिको हुंदा हुँदै पनि नेपाल सरकारले संविधान संशोधन को प्रक्रिया अगाडी बढाए को छ।

नया नक्शा को आन्तरिक र वाह्य राजनीति

नया नक्शाको राजनीतक उद्देश्य पनि रहेछ। मेरो सामान्य बुझाईमा देशमा बहुमत को सरकार बनायी सके पछि नया नक्शा प्रकरण कम्युनिष्ट सरकारले देश भित्र कम्युनिष्ट राजनीतिका लागि आवश्यक जन परिचालन र सुरक्षा संयन्त्रको परिचालन का लागि गरेको छ र यस कार्यमा कांग्रेसको सहयोग लिन नेपाल कम्युनिष्ट पार्टी सफल भएको छ। नया नक्शा पारित भए पछि सरकार लाई देश बाहिर भारत विरुद्ध र देश भित्र असहमत जनता विरुद्ध सुरक्षा संयत्र को परिचालनका लागि वैधानिकता प्राप्त हुने छ। आम जनता भारत विरोधी राष्ट्रियताको भावना मा बगी परिचालित हुन्छन भने नयाँ नक्शाले वैधानिकता प्राप्त गर्ने बित्तिकै सरकार ले राष्ट्रिय सुरक्षाको नामा आन्तरिक रुप मा पनि सेनाको परिचालन गर्छ। अंततोगत्वा राष्ट्रिय सुरक्षाको नाममा संघीयता समाप्त हुने सम्भावना त्यत्तिकै बलियो छ।

यो छ। नेपाल सरकार ले अहिले सम्पूर्ण तथ्य प्रमाण हरुलाई ओझेलमा राख्दै नया नक्शा को प्रारुप जन समक्ष ल्याएको छ। नया नक्शा को प्रमाण आधिकारिक रुप मा कुनै दल लाई प्रदान गरी कुनै छलफल समेत नगरी जन समक्ष ल्याइएको छ। संसद को अन्तराष्ट्रिय सम्बन्ध समिति मा पनि नक्शा का लागि उपयोग भएको तथ्य र प्रमाण बारे कुनै छलफल भए को छैन। सरकार ले देश को दक्षिणी भाग मा र देश को पूर्वी , पश्चिमी र दक्षिणी सीमानामा भारत संग निरन्तर द्वन्द ( उभचउभतगर्बा अयलाष्अित ) को अवस्था सृजना गर्ने रणनीति तहत नया नक्शा को राजनीति प्रारम्भ गरेको भन्न सकिन्छ। सरकार लाई रामरी थाहा छ कि नया नक्शा विधेयक संसद बाट पास गराए पनि भारत संग युद्ध न गरीकन कालापानी, लिम्पियाधुरा तथा लिपुलेक नेपाल नेपाल ले पाउने वाला छैन किन भने उक्त क्षेत्र भारतको सुरक्षाका लागि अत्यन्त संवेदनशील हो। सरकार लाई यो पनि थाहा छ कि ग्रेटर नेपाल को सपना पूरा गर्न द्वन्द र युद्धको सुषुप्त आकांक्षा भए पनि नेपाल ले भारत संग एक्लै युद्ध लडने अवस्था छैन। अर्थात नेपाल ले भारत संग युद्ध लडन का लागि अन्य एक अथवा एक भन्दा बढी देश को साथ र संलग्नता चाहिन्छ। त्यसैले यस अभियान मा नेपाल सरकारको क्षेत्रीय द्वन्द को आकांक्षा पनि लुके को छ।

कालापानी मा भारतीय सेनाको चौकी पछिल्लो ६० वर्ष देखि नेपाल सरकारको जानकारी मा निरन्तर बसी रहेको छ तर यस्तो अवस्था कहिले पनि आए न। पिथौरागढ देखि लिपुलेख सम्म को ७५ किलोमीटर को सडक सन् २००५ देखि निर्माणाधीन रहेको छ र यस बारे सरकार र विपक्षी दल लाई पर्याप्त जानकारी रहे पनि अहिले सम्म सबैले मौनता धारण गरे का थिए। तर यहाँ भारतसरकार को कुटनीतिक कमजोरी पनि देखिन्छ। नेपाल को सीमावर्त्ती क्षेत्रमा सडकको उद्घाटन गर्ने बेलामा भारत ले नेपाल लाई जानकारी गराउनु पर्थियो र यहाँ भारत चुकेको छ। तर पनि यो कमजोरी गम्भीर विवाद को कारण भएको जस्तो लाग्दैन कि विषय संविधान संशोधन को सीमा सम्म पुगोस। विगत केही समय देखि लद्दाख देखि भुटान र सिक्किम सम्म भारत र चीन बीच सीमा मा आमना सामना भई रहेको अवस्था विद्दमान छ। भिडन्त भई रहेको अवस्थामा भारत ले हतार हतार मा उद्घाटन गर्ने निर्णय गरेको हुन सक्छ। शायद भारत ले मित्र राष्ट्र नेपाल बाट यस्तो प्रतिक्रियाको अनुमान न गरेको हुन सक्छ। मानसरोवर सम्म को तीर्थयात्रा बाहेक भारतका लागि चीन को सीमावर्त्ती क्षेत्रमा सेना र सैन्य सामग्रीको ओसार पसार गर्नका लागि यस सडकको महत्व रहेको बुझिन्छ। नेपाल भित्र सडक बारे को विवाद बढे को थाहा पाए पछि भारतले लाकडाउन समाप्त भई अन्तर्देशीय हवाई सेवा शुरु हुने बित्तिकै पछि वार्त्ता गर्ने प्रस्ताव राखेको थियो तर नेपाल सरकार ले उक्त प्रस्ताव लाई अस्वीकार गरी संसदमा नक्शा संशोधन विधेयक दर्ज गराएको छ। आखिर यस पछिको मनशाय के हुन सक्छ ?

यसै सन्दर्भ मा यो पनि उल्लेख गर्न आवश्यक छ कि सरकारले चीन संग नेपाल को सीमाना विवाद रहेको विषय लाई महत्व दिई रहेको छैन। नेपालको सर्वे विभाग ले गरेको अध्ययन अनुसार सखुवा सभा, रसुवा, सिंधुपालचौक र हुम्लामा नेपाल को ३६ हेक्टेयर जग्गा चीनले कब्जा गरी सकेको छ। उक्त जग्गा चीन ले तिब्बतको सीमाना मा सडक संरचना निर्माण गर्ने क्रम मा आफनो आधिपत्य मा लिएको छ। १४ नवम्बर २०१९मा चिनिया सरकार ले बेजिंगमा एउटा पत्रकार सम्मेलन गरी चीन ले नेपाल को ३६ हेक्टेयर भूमि कब्जा गरेको नेपालको सर्वे विभाग को खुलासा लाई ठाडै अस्वीकार गरेको छ। चीनिया प्रतिनिधिले उक्त दिनको प्रेस कान्फरेस मा नेपाल र चीन बीच सने १९६१मा भएको सीमाना सम्बन्धी संधिको समेत उल्लेख गरेका थिए। उनको भनाई अनुसार नेपाल र चीन बीच को सीमानजा सम्बन्धी संधि ले सबै म्भाबचअबतष्यउल स्पष्ट रुपमा गरी सके को छ र चीन तथा नेपाल बीच सीमाना सम्बन्धी कुनै विवाद छैन। के त नेपाल सरकारले चीन सरकार संग सीमाको विवाद न उठायी नेपालको भूमि माथि चीन को आधिपत्य स्वीकार गर्दै छ ? यस बारेमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस को मौनता पनि रहस्यमय छ।

# कांग्रेसको संशोधन विधेयक अहिले पनि सान्दर्भिक छ

हाम्रो र जनता समाजवादीको विधेयकमा धेरै अन्तर छ नि । कांग्रेसले २०७३ साल भाद्र ५ गते दर्ता गराएको विधेयक हामीले पुनः दर्ता गराएका हौं । त्यसमा पूर्ण समानुपातिक समावेशिता मात्र थपेका छौं । तर राजपा र समाजवादीले त धेरै कुराहरु राखेका छन् ।



तेजुलाल चौधरी

प्रतिनिधिसभा सदस्य, नेपाली कांग्रेस

**० तपाईंलगायत कांग्रेसका ८ जना मधेशी सांसदहरुले संविधान संशोधन विधेयक दर्ता गराउनुको कारण के ?**

–केन्द्रीय समितिको बैठकले सरकारले नक्सासम्बन्धी गर्न लागेको संविधान संशोधनमा मतदान गर्ने र तत्कालीन कांग्रेस नेतृत्वको सरकारको पालामा असफल भएको संशोधन विधेयकलाई पुनः दर्ता गराउने निर्णय गरेको थियो । सोही निर्णयअनुसार तराई मधेशबाट नेतृत्व गर्ने आठ जना सांसदहरु बैठक बसेर प्राइभेट बिलको रुपमा संशोधन विधेयक दर्ता गराउने हामीले निर्णय गऱ्यौं । संविधान जारी भइसकेपछि पनि हामीले मधेशी, थारु, आदिवासी जनजाति, मुस्लिम, महिलाको मुद्दा सम्बोधन भएको छैन भनेर भन्दै आएका छौं । ती कुराहरु सम्बोधन गर्नुपर्छ भन्ने हाम्रो मान्यता हो । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले संशोधन विधेयक संसदमा पेस गर्नुभएको थियो तर असफल भयो । हाम्रो केन्द्रीय समितिको बैठकले सरकारी बिललाई समर्थन गर्ने र आफ्नो तत्कालीन बिल पनि दर्ता गराउने निर्णय भएकोले हामी पनि संशोधन विधेयक हालेका हौं ।

**० तत्कालीन कांग्रेस नेतृत्वको सरकारकै विधेयकलाई पुनः तपाईंहरुले दर्ता गराउनु भएको हो ?**

– हो । तत्कालीन विधेयकमा हामीले एक दुईटा नयाँ कुरा पनि थपेका छौं । हामीले यो सरकारको कार्यकाललाई हेर्दा समावेशीको मुद्दालाई नाम मात्रको रुपमा जसरी नियुक्ति गरिँदै आएको छ, त्यसको पूर्ण समानुपातिक समावेशीको मुद्दा राखेका छौं । बाँकी सबै पूरानै मुद्दाहरु छन् ।

**० कांग्रेस केन्द्रीय समितिले पार्टीको तर्फबाट सोही विधेयकलाई दर्ता गर्ने निर्णय गरेको छ तर तपाईंलगायत आठ जना सांसदले मात्रै किन दर्ता गराउनुभयो ? यो पार्टीको निर्णयविपरीत भएन ?**

– पार्टीले निर्णय गरेपछि नै हामीले संशोधन विधेयक दर्ता गराएको हौं । हामी पार्टीभन्दा बाहिर त होइनौं नि । पार्टीको संसदीय दलको बैठक कहिले बस्छ बस्दैन भन्ने कुरा हामीलाई थाहा हुँदैन । हामी सांसद भएको नाताले आफ्नो प्राइभेट बिल दर्ता गराउने हाम्रो अधिकार पनि छ नि ।

**० तपाईंहरुले दर्ता गराउनुभएको विधेयकमा कांग्रेसका सभापतिलगायत शीर्ष नेताहरुको सहमति छ त ?**

– केन्द्रीय समितिको निर्णय भएकोले यसमा सभापति देउवालगायत सबैको सहमति नै हो जस्तो लाग्छ हामीलाई । किनभने त्यो विधेयकमा हामीले आफ्नो तर्फबाट अन्य मुद्दाहरु राखेका छैनौं । त्यो पुरानै विधेयक हो । त्यतिबेला त्यो विधेयकमा तत्कालीन माओवादीका सांसदहरुले पनि मतदान गर्नुभएको थियो । हामीले दर्ता मात्रै गराएका हौं ।

**० तपाईंहरुले दर्ता गराएको विधेयक र जनता समाजवादीले दर्ता गराएको विधेयकमा के भिन्नता छ त ?**

– हाम्रो र जनता समाजवादीको विधेयकमा धेरै अन्तर छ नि । कांग्रेसले २०७३ साल भाद्र ५ गते दर्ता गराएको विधेयक हामीले पुनः दर्ता गराएका हौं । त्यसमा पूर्ण समानुपातिक समावेशिता मात्र थपेका छौं । तर राजपा र समाजवादीले त धेरै कुराहरु राखेका छन् ।

**० तपाईंहरुको विधेयकमा पास हुन्छ त ?**

– हामीले नक्सासम्बन्धी सरकारको विधेयकमा विनाशर्त मतदान गर्ने निर्णय गरेका छौं । तर, हाम्रो विधेयकमा पनि सत्तारुढ दलबाट मतदान गराउने कोशिस गर्छौं । हाम्रो कोशिस हुन्छ कि हाम्रो विधेयक सर्वसम्मतबाट नै पारित होस् । सत्तापक्ष र प्रतिपक्ष मिलेर त्यो विधेयक पारित होस् भन्ने हाम्रो चाहना हो । सरकारको विधेयकमा हामीले मतदान गर्ने भन्ने हाम्रा पार्टीको निर्णय नै हो । यसमा शंका नै गर्नु पर्दैन । हामीले हाम्रो विधेयक किन दर्ता गरायौं, त्यस विषयमा संसदमा आफ्नो कुरा राख्छौं । सत्तापक्षका सांसदहरुको मन हुन्छ भने पक्षमा मतदान गर्छ, होइन भने विपक्षमा मतदान गर्छ ।

**० विगतमा पनि कांग्रेसले त्यो विधेयक पास गराउन इमान्दार प्रयास गरेन भन्ने आरोप छ, तपाईंहरुले नामका लागि मात्रै दर्ता गराउनुभएको हो कि पास गराउने प्रयास कांग्रेसले गर्छ त ?**

– विधेयक पास वा फेल हुने कुरा संसदमा सांसदहरुको काम हो । हामीले आशा गरेका छौं कि फेल हुँदैन । किनभने विगतको सरकारले नै पेस गरेको विधेयक हामीले पुनः पेस गरेका छौं । त्यसमा कुन कुन मुद्दा सम्बोधन हुन सक्दैन भन्ने कुरा अहिलेको सरकारले जवाफ दिनुपर्ने हो । यदि फेल नै भयो भने हामीले के गर्न सक्छौं । हामीसँग दुई तिहाइको बहुमत छैन । फेल हुन्छ भने रेकर्ड भइरहन्छ, हामी फेरि अर्को चोटि संसदमा दर्ता गराऔंला । हाम्रो मुद्दा त रहिरहन्छ नि ।

**० भनेपछि यसलाई एउटा मुद्दा बनाइराख्ने ?**

– हामीले यसलाई एउटा राजनीतिक मुद्दाको रुपमा मात्रै लिएको छैन, हामी संशोधनको पक्षमा छौं । नेपालभित्र राष्ट्रिय एकताका लागि हामीले यो विधेयक दर्ता गराएका हौं । यो संविधानप्रति सबैले अपनत्व महसुस गरोस्, सबै हाम्रो संविधान भनेर भन्न पाओस् । त्यसैले हामी राष्ट्रिय एकताका लागि यो संशोधन विधेयक दर्ता गराएका हौं । हाम्रो कोशिस हुन्छ, यो विधेयकलाई पास गराउने, हामीलाई विश्वास छ राष्ट्रिय एकता, समाजमा परिवर्तन र सबैलाई एक ठाउँमा राख्नका लागि यो विधेयक पास हुनुपर्छ ।

**० यो विधेयक पास गराउन कांग्रेसले अन्य दलहरु जसपा र नेकपासँग छलफल गर्छ ?**

– निश्चितरुपमा पार्टीले आफ्नो विधेयक पास गराउनका लागि सत्तारुढ नेकपा र विपक्षी जनता समाजवादीसँग पनि छलफल अगाडि बढाउँछ भन्ने हामीलाई विश्वास छ । सबै पार्टीसँग छलफल गर्नुपर्ने कांग्रेसको दायित्व पनि हो ।

**० अहिलेसम्म जसपासँग सहकार्य भएको छ ?**

– हाम्रो विधेयकका विषयमा जसपासँग कुनै सहकार्य भएको छैन । किनभने हामीले कुनै कुरा ल्याएका छैनौं, पहिला पनि उहाँहरुले यो विधेयकमा मतदान गर्नुभएकै हो । जसपाको विधेयकमा के छ, त्यो उहाँहरुलाई नै थाहा होला । हाम्रो विधेयक प्रक्रियामा गइसकेपछि हाम्रो पार्टी विभिन्न दलहरुसँग छलफल अगाडि बढाउँछ ।

**० अहिले अवस्थामा तपाईंहरुको विधेयकको सान्दर्भिकता छ त ?**

– अहिले हामीले दर्ता गराएको संविधान संशोधन विधेयकको सान्दर्भिकता छ कि छैन भन्ने कुरामा अहिले संविधान संशोधन प्रक्रियामा छ । सरकारले संशोधन गर्न लागेको छ । सरकारी विधेयक संशोधन भइरहेको बेलामा हामी त्यसमा समर्थन जनाएका छौं । कांग्रेसको त्यसमा कुनै किसिमको दुईमत छैन । जब संशोधन हुँदैछ भने हामीले पनि आफ्नो विधेयक दर्ता गराएका हौं । हामीले आफ्नो विधेयकलाई अगाडि बढाउन खोजेका हौं । यसलाई बेमौसमी बाजाको रुपमा भन्न सकिँदैन । हामीले नक्सासम्बन्धी सरकारको विधेयकलाई असर गर्ने काम गरेका छैनौं । कांग्रेसले आफ्नो केन्द्रीय समितिको आधिकारिक निर्णय नै गरेर नक्साको विधेयकमा मतदान गर्ने संस्थागत निर्णय गरेको छ । अन्य पार्टीका दुई चार जना नेताले बसेर निर्णय गरेको छ तर हाम्रा पार्टीका नेताहरुबीचमा छलफल भयो ।

**० सरकारले जसरी फाष्ट ट्र्याकमा नक्सा पास गराउन खोजेको छ, यसले समस्या समाधान हुन्छ त ?**

– नक्सा मात्रै पास गरेर विवाद टुंगिदैन । संसदबाट नक्सा पास भइसकेपछि संविधानमा आइसकेपछि सरकारले कुटनीतिक वार्ता गर्नु आवश्यक छ । त्यो विवाद टुंगो लगाउन कुटनीतिक वार्ताबाहेक अन्य कुनै विकल्प छैन । नेपालले आफ्नो तथ्य र प्रमाणका आधारमा भारतसँग वार्ता गर्नुपर्छ अनि मात्रै यसको निष्कर्ष निस्किन्छ । कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपालकै हो भन्ने कुरामा दुईमत छैन । हामीसँग प्रशस्त प्रमाण र आधारहरु छन् । वार्ताको माध्यमबाट जुनसुकै समस्याको समाधान निस्किन्छ । उखान टुक्का गरेर समाधान निस्किँदैन । भारत सरकारले पनि वार्ताको माध्यमबाट समस्या समाधान गर्ने भनिरहेको छ । त्यसका सरकारले आफ्नो आवश्यक तयारीहरु पूरा गरी वार्ताको टेबुलमा बसी अविलम्ब यो विवाद टुंग्याउनुपर्छ ।

# संविधान संशोधनमा मधेशी दलले सौदाबाजी गर्नु हुँदैन



अमनलाल मोदी

सांसद, नेपाल कम्युनिष्ट पार्टी

**० नेपालमा कोरोनाको कहर दिनप्रति दिन बढ्दै गएको छ । तराई–मधेशमा दिनहुँ सयौंभन्दा बढी संक्रमितहरु फेला पर्दैछन् । यसप्रति सरकार किन उदासीन छ ?**

– निश्चितरुपमा नेपालमा दिनहुँ कोरोना संक्रमितहरु बढ्दै गएका छन् । यसमा संघ सरकार मात्रै नभई तीनै तहको सरकारको कमी कमजोरी देखिएका छन् । जुन तरिकाले अहिले कोरोना टेष्ट हुनुपर्ने थियो, स्वास्थ्य सामग्रीहरु उपलब्ध गराउनुपर्ने थियो यसमा तीनै सरकार चुकेकै हो । अहिले मान्छेहरु रोग र भोक दुवै चुनौतीसँग लडिरहेका छन् । सुरुमा स्थानीय तहहरुले केही दिनसम्म राहतको व्यवस्था गरे, हामी सांसदहरुले पनि आफ्नो क्षेत्रमा राहतहरु उपलब्ध गरायौं । तर हामी कति दिन सक्छौं ? यसका लागि राज्यले विशेष राहतका प्याकेजहरु घोषणा गर्नुपर्ने हो । मैले यी कुराहरु संसदमा पनि उठाउँदै आएको छु । प्रधानमन्त्रीको कोरोना राहत कोषमा दुई/तीन सय करोड राहत रकम जम्मा भइसकेको छ । त्यसलाई उचित मापदण्ड बनाएर भोकले मरिरहेका मान्छेहरुका लागि राहत प्याकेज दिनुपर्ने हो । अर्को कुरा अन्य देशहरुका आइरहेका नेपालीहरुका लागि पनि व्यवस्थित क्वारेन्टाइन र आइसोलेसन बनाउने लगायतका कामहरु पहिला नै गर्नुपर्ने थियो । अहिले कोरोनाको महामारी झन् बढिरहेको बेलामा विभिन्न नाकाहरुबाट नेपाल भित्रिरहेको अवस्था छ । त्यसलाई व्यवस्थित गर्नुको विकल्प छैन ।

**० लकडाउनको दुई महिनाभन्दा बढी समय भइसक्यो, प्रदेश सरकार र स्थानीय तहले आफ्नो तर्फबाट गर्न सक्ने क्षमता छैन भन्ने कुराहरु आइरहेका छन् । यसप्रति संघीय सरकारको गम्भीरता देखिएन नि ?**

– बजेट भाषण भइसकेको छ, कोरोना नियन्त्रणका लागि स्थानीय तहसम्म पैसा जाला नै । मन फुकाएर गर्न चाह्यो भने सबै सरकारले रोकथामका लागि प्रभावकारी भूमिका निर्वाह गर्न सक्छ । केन्द्र सरकारको मात्र आलोचना गर्ने कुरा होइन । तीनै तहको सरकारले जुन तदारुकताका साथ लाग्नुपर्ने थियो त्यसरी देखिएको छैन । संघीय सरकार पनि कोरोना रोकथाम तथा राहतमा कहीं न कहीं चुकेको छ ।

**० अहिले संक्रमितहरु बढ्दै गएको अवस्थामा लकडाउन खुकुलो भइरहेको देखिन्छ । यसले कस्तो अवस्थाको सिर्जना गर्दैछ ?**

– लकडाउन पालन गर्नका लागि अहिलेसम्म पनि गाउँस्तरसम्म चेतनामा कमी देखिएको छ । अहिले जसरी लकडाउन खुकुलो हुँदै गएको छ, त्यसले गर्दा अवस्था झन् भयावह हुँदैछ । सरकारले अहिले लकडाउन खुकुलो बनाउने मापदण्ड पनि बनाउँदैछ । कोरोना नियन्त्रणका लागि सरकारले अन्तर्राष्ट्रिय मापदण्ड अपनाउनुपर्ने हुन्छ ।

**० सरकारले लकडाउन मात्रै घोषणा गऱ्यो तर त्यसलाई पूर्णरुपमा कसरी पालना गराउने नीति देखिएन नि ?**

– निश्चितरुपमा सरकारले लकडाउनलाई पूर्णरुपमा पालना गराउने नीतिहरु नबनाएको देखिन्छ । जसले गर्दा सबै पक्षबाट विरोध पनि भइरहेका छन् र सरकारको आलोचना पनि भइरहेको छ ।

**० यही कोरोना कहरकै बीचमा संविधान संशोधनको पनि कुरा चल्दैछ, यसमा तपाईंको धारणा के हो ?**

– जब हाम्रो राष्ट्रियताप्रति संकट आउँछ, त्यसबेला हामी चुप लागेर बस्नु हुँदैन । हाम्रो छिमेकी मुलुकले नेपालमाथि थिचोमिचो गरिरहेको छ, नेपालको भूमिलाई उसले आफ्नो नक्सामा राख्छ । तर हाम्रो सरकारले पटक-पटक भारतलाई यसको समाधानका लागि वार्ता गर्न भनिरहेको छ । तसर्थ, यो बेलामा सरकारले जे गरिरहेको छ त्यो उचित हो । भारत हाम्रो असल छिमेकी मुलुक हो, उसले यस्तो गर्न हुँदैनथ्यो । म भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई भन्न चाहन्छु कि तपाइँको हितैषी राष्ट्र नेपालमाथि यस्तो थिचोमिचो गरिरहनु हुन्छ भने नेपाल सहन सक्दैन । त्यसको प्रतिरोध नेपालले हरेक तहबाट गर्छ । भारतका सेनापतिले दिनुभएको वक्तव्यप्रति हाम्रो ध्यानाकर्षण भएको छ । नेपाल एउटा सार्वभौम राष्ट्र हो ।

**० नक्सासम्बन्धी संविधान संशोधन विधेयक सर्वसम्मतले पास हुन्छ त ?**

– राष्ट्र र राष्ट्रियताको सवालमा सबै दलहरु एक ठाउँमा भएन भने दुर्भाग्यको कुरा हो । जनताले भोलीका दिनमा त्यसको फैसला गर्ला । नेपालमा राष्ट्रवादको कुरा गरिरहँदा मधेशी, थारु लगायत मधेशमा बस्नेहरुको राष्ट्रियतामाथि जहिले पनि शंका गर्ने गर्छन् । यहाँका खस, ब्राह्मण वर्गका मान्छेहरुले मधेशका मान्छेलाई हेर्ने बित्तिकै भारतीय मूलका भनेर ठान्छन् । हामी यो देशको भूमि पुत्रहरु हौं, हामीले यो देशको स्वाभिमान र सीमाको रक्षा गरिरहेका छौं । भारतको विरोध गर्ने सवाल आउँदा मधेशी तथा थारु समुदायको राष्ट्रियतामाथि जहिले पनि प्रश्न खडा गरिन्छ । राष्ट्रियताको सवालमा मधेशी वा थारुहरु कहिल्यै पनि कुनै किसिमको सम्झौता गरेका छैनन् । सीमामा अहोरात्र उभिएर देशको स्वाभिमानका लडिरहेका मधेशी थारुहरु नै हुन् । त्यसैले गर्दा राष्ट्रियताको सवालमा हामीमाथि जहिले पनि गम्भीर प्रश्नहरु उठाइन्छ ।

**० मधेशी दलहरुले उठाउँदै आएको मुद्दाहरु यो संविधान संशोधनमा समावेश गरिएन भने नक्सा सम्बन्धी विधेयकमा मतदान गर्ने शर्त राखेको छ, यसमा के भन्नुहुन्छ ?**

– अहिले नक्साको विषयमा संविधान संशोधन हुँदैछ, यसैमा मधेशका मागहरुलाई पनि समावेश गरेर संशोधन गरिदिएको भए राम्रो हुन्थ्यो । मधेशी, थारु, दलित, आदिवासी जनजाति, मुस्लिम लगायतको संविधानप्रति असन्तुष्टि पहिलादेखि नै रहँदै आएको छ । तर, अहिले फास्ट ट्र्याकमा तुरुन्त संविधान संशोधन गर्नुपर्ने भएकोले यसमा अड्को हाल्नु हुँदैन । संविधानका असन्तुष्टिहरुमा धेरै जटिल मुद्दाहरु पनि छन् । त्यो बहसको विषयवस्तु बन्न सक्छ । अहिले हाम्रो राष्ट्रमाथि भारतले अतिक्रमण गरिरहेको बेलामा शर्त राख्नु हुँदैन, यो सौदाबाजी हो । पहिला आफ्नो मातृभूमिलाई बचाउने हो, त्यसपछि अन्य विषयहरुमा छलफल गर्दै जाने हो । म आफै पनि संविधान संशोधनको पक्षधर हो । राष्ट्र रहेपछि मात्रै हामी अन्य कुराहरु गर्छौं । त्यसैले यस्तो बेलामा कमसेकम अन्य बहस नगरिकन नक्साको विषयलाई केन्द्र बनाएर यसमा सहभागी हुनुपर्छ । आफ्नो अधिकारका लागि अन्य बेला संघर्ष गर्दै जाऔंला ।

**० भनेपछि नक्सासम्बन्धी संशोधनमा जनता समाजवादीले शर्त राख्नु हुँदैन, निःशर्त समर्थन गर्नुपर्छ ?**

– नेपालका जुनसुकै दल होस्, राष्ट्रियतासँग जोडिएको सवालमा शर्त राख्नु हुँदैन । राष्ट्रिय अस्मितामाथि आक्रमण भइरहेको बेला आफ्नो शर्तलाई अडानको रुपमा राख्नु हुँदैन ।

**० जसपाको संविधान संशोधनमा तपाईंहरु मतदान गर्नुहुन्छ कि नाईं ?**

– अहिले हामीले जसपाको संशोधन विधेयकका बारेमा केही भन्न सक्दिँन । किनभने उनीहरुले के-के कुराहरु संशोधन विधेयकमा राखेको हो, त्यसको अध्ययन गरेका छैनौं । उनीहरुको एजेन्डा यदि देश हितमा छ भने त्यसमा हामी असहमत हुनै सक्दैनौं ।

**० यही बेला एमसीसीको विषयहरु पनि आइरहेको छ । नेकपाभित्रै विवाद देखिएको छ । एमसीसी पास होला त ?**

– अहिले मुलुकमा गम्भीर प्रश्नहरु उठिरहेका छन् । एकातिर भारतको थिचोमिचो छ, यसको बारेमा हामी राष्ट्रियताको कुरा गरिरहेका छौं । अर्को तहबाट अमेरिकी सरकारको एमसीसीले पनि विवाद खडा गरेको छ । एमसीसीमार्फत् नेपालमा अमेरिकाले विभिन्न कुराहरु लाद्न खोजेको छ । एमसीसीका बारेमा नेकपाको सचिवालय, केन्द्रीय समितिमा बहस भएको छ । यसबारे अध्ययन गर्न एउटा कार्यदल पनि बनेको छ, त्यो कार्यदलले केही सुझाव पनि दिएको छ । कार्यदलले दिएको सुझावहरु समावेश गर्दै संशोधनसहित एमसीसी पास गर्नुपर्छ । यदि संशोधनसहित एमसीसी पास भएन भने वा जस्ताको तस्तै पास भयो भने मुलुकले भोलीका दिनमा दुर्भाग्य भोग्ने हो कि भन्ने आशंका पनि गरिँदैछ ।

(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)

# निर्माण सामग्री अभावमा हुलाकी सडकको काम ठप्प

वीरगंज । सरकारले राष्ट्रिय गौरबको आयोजनाको रुपमा राखेको वीरगञ्ज-ठोरी हुलाकी सडक निर्माणको काम निर्माण सामग्री अभाबमा ठप्प भएको छ ।

लक डाउनका बेला पनि सरकारले राष्ट्रिय गौरबका काम मध्ये हुलाकी सडक निर्माण गर्न भनेको भए पनि आवश्यक निर्माण सामग्री उपलब्ध नहुँदा काम रोकिन पुगेको हो ।

वीरगंजको प्रतिमा चोकदेखि ठोरीसम्म ६० किलोमिटर हुलाकी सडकमध्ये वीरगन्जदेखि पर्साको सेढवासम्मको ३० किलोमीटर सडक निर्माण गर्न सामग्री अभाव भएको निर्माण कम्पनीले जनाएको छ । ३० किलोमिटरमध्ये ५० प्रतिशतभन्दा बढी काम भइसकेको भए पनि बाँकी काम अघि बढाउन आवश्यक सामग्री उपलब्ध नहुँदा काम रोकिएको निर्माण कम्पनीले जनाएको छ ।

गिटी बालुवा तथा ग्राभेलका लागि आवश्यक पर्ने निर्माण सामग्री पर्साकै जमुनियाँ खोलाबाट उत्खनन् गरेर निकाल्दै आएकोमा अहिले भने रोक लगाएपछि निर्माण सामग्रीको अभाव भएको हो ।

**समन्वय समिति र गाउँपालिकाबीच आरोप प्रत्यारोप**

निर्माण कम्पनीले पर्साको सखुवा प्रसौनी र पटेर्वा सुगौली गाउँपालिकाबीचमा रहेको जमुनियाँ खोलाबाट गएको वर्ष आवश्यक गिटी बालुवा निकालेर निर्माण कार्यमा प्रयोग गर्दै आएको थियो । तर चालु आर्थिक वर्षमा भने अहिलेसम्म नदी उत्खनन्का लागि टेण्डर नहुँदा आवश्यक गिटी बालुवा निकाल्न सकेको छैन । गएको वर्ष साँझेदारीमा पटेर्वा सुगौली गाउँपालिकाले नदी उत्खनन्का लागि ठेक्का लगाएको थियो । तर यस वर्ष भने अहिलेसम्म ठेक्का लाग्न सकेको छैन ।

जिल्ला समन्वय समिति पर्साका अध्यक्ष नेक महम्मदका अनुसार दुवै गाउँपालिकाबीचको विवादका कारण नदीको आईई प्रतिवेदन अझै सम्म हुन सकेको छैन ।

'आईई प्रतिवेदन स्वीकृत नभएसम्म नदीजन्य वस्तु उत्खनन् गर्न नपाइने भएकाले अनिवार्य आईई गराउनु पर्ने कानुनी प्रावधान छ,' उनले भने ।

दुबै गाउँपालिकाले एउटै नदीको लागि आईई प्रतिवेदन तयार पार्न निवेदन दिएकाले विवाद देखिएको उनले बताए ।

पहिले दुबै गाउँपालिका मिलेर आउन आफूहरुले भनेको तर अहिलेसम्म मिलेर नआएकाले प्रस्ताव तयार पार्न अनुमति नदिएको स्पष्ट पारे ।

तर गाउँपालिकाले भने आफूहरुबीच कुनै विवाद नै नरहेको र जिल्ला समन्वय समितिको बदमासिकै कारण गरेर आईईका लागि अनुमति माग्दा समन्वय समितिले अनुमति नै नदिएको उनले बताए । हरेक दुई दुई वर्षमा आईई गर्नु पर्ने व्यवस्थाका कारण आईईका लागि अनुमति मागेको पनि जयसवालले प्रष्ट पारे ।

**एक पटक आईई गरिसकेपछि पटक पटक गरिरहनु पर्दैन**



नदी उत्खनन कार्य हुन नसकेको जनाएको छ ।

सखुवा प्रसौनी गाउँपालिकाका अध्यक्ष प्रदीप जयसवालले आफूहरुले आईई प्रतिवेदन तयार पार्न आर्थिक वर्षको सुरुवातमा नै अनुमति मागेको भए पनि जिल्ला समन्वय समितिले अझै सम्म अनुमति नदिएको बताए ।

'समन्वय समितिले उचित समन्वय नै गरेन, उसकै बदमासीका कारण पूरै जिल्लाको विकास निर्माणको काम ठप्प हुन पुगेको छ,' जयसवालले भने ।

पटेर्वा सुगौली गाउँपालिकाका अध्यक्ष हरिनारायण चौधरीले पनि जिल्ला समन्वय समितिकै कारण काम अड्किएको बताए ।

गएको वर्ष दुबै गाउँपालिकाले आपसी सहमतिमा बाँडफाँड गरेर नदी उत्खननको ठेक्का लगाएका थिए । पटेर्वा सुगौलीले लगाएको ठेक्कामा सखुवा प्रसौनी गाउँपालिकाले पनि सहयोग गरेको थियो । त्यसबेला सखुवा प्रसौनी र पटेर्वा सुगौलीबीच ६५/३५ को बाँडफाँडमा पटेर्वा सुगौलीले ठेक्का लगाएको थियो ।

अहिले पनि चालु आर्थिक वर्षको सुरुमै जिल्ला प्रशासन कार्यालयमा भएको बैठकमा गएको वर्ष जसरी नै ठेक्का लगाउन दुबै गाउँपालिकाले सहमति गरेको सखुवा प्रसौनीका अध्यक्ष जयसवाल बताउँछन् । तर सहमति

एउटै आयोजना सम्पन्न गराउँदा पटक पटक ईआए र आईई गराईरहनु पर्दा निर्माणको काम समयमै हुन नसकेको भन्दै २०७२ मा सरकारले एक पटक ईआए र आईई स्वीकृत गराएपछि पटक पटक गराईरहनु नपर्ने निर्णय गरेको थियो । त्यसै अनुरुप अहिले विभिन्न ठाउँमा सरकारले अघि बढाएका आयोजनाका कामहरु भइरहेका छन् ।

२०७२ मा मन्त्रिपरिषद् बैठकले पारित गरेको निर्णय अनुसार नेपाल सरकारका विकास आयोजनाहरुले आयोजनाको लागि वातावरणीय परीक्षण (ईआए) गर्दाका बखत नै आयोजनालाई चाहिने निर्माण सामग्रीको उत्खनन, संकलन गरिने स्थलको समेत ईआए/आईईमा समावेश गर्नु पर्ने उल्लेख गरेको थियो । त्यसरी गरिएको ईआए/आईई स्वीकृत भइसकेपछि सो सम्बन्धी उत्खनन् संकलन गर्ने कार्यका लागि छुट्टै ईआए/आईई गरिरहनु नपर्ने निर्णय नै सरकारले गरेको थियो ।

तर पर्सा जिल्लामा भने सरकारको निर्णय विपरित आईई गर्नु पर्ने भन्दै जिल्ला समन्वय समितिले अड्को थापेर बसेको छ । पटक पटक आईई गर्नु नपर्ने तर नियमानुसार सम्बन्धित जिल्ला समन्वय समितिलाई राजश्व भने बुझाउनु पर्ने निर्णयमा भनिएको छ ।

गाउँपालिका र जिल्ला समन्वय समितिबीचको विवादका कारण पूरै जिल्लाको विकास निर्माण कार्य ठप्प अहिले ठप्प जस्तै बनेको छ । जमुनिया खोला नै यस क्षेत्रको सडक निर्माणका लागि चाहिने ढुंगा, गिटी, बालुवा र माटो उत्खननको एक मात्र श्रोत हो । यस खोलाबाट अहिले कुनै पनि सामाग्री झिक्न नपाउँदा सरकारको राष्ट्रिय गौरबको आयोजनामा रहेको हुलाकी सडक निर्माण कार्य पनि ठप्प बनेको हो ।

**उत्खनन्का लागि पटक पटक पत्राचार**

वीरगंजदेखि सेढवासम्मको ३० किलोमिट हुलाकी सडक निर्माणका लागि चाहिने नदीजन्य सामान उपलब्ध गराउन हुलाकी राजमार्ग निर्देशनालयले सम्बन्धित कार्यालयलाई पटक पटक पत्राचार गरेको छ ।

निर्देशनालयले जिल्ला प्रशासन कार्यालय पर्सा, जिल्ला समन्वय समिति, जिल्ला बन कार्यालय, जिल्ला प्रहरी कार्यालय लगायतका सम्बद्ध कार्यालयलाई पत्राचार गर्दै सडक निर्माण कार्यमा आवश्यक सहयोग गरिदिन भनेको छ ।

पत्रमा राष्ट्रिय गौरबको यस सडकमा निर्माण सामग्री निकाल्ने अनुमति नमिल्दा आयोजना सम्पन्न गर्न कठीनाई भइरहेकाले जमुनिया खोलाबाट आवश्यक निर्माण सामग्री नियमानुसार दस्तुर लिई निर्माण कार्यमा सहयोग पुर्‍याउन आग्रह गरिएको छ ।

निर्देशनालयले पटक पटक सहयोगका लागि पत्राचार गरे पनि आर्थिक वर्ष सकिन लाग्दासम्म नदी उत्खनन्का लागि कतैबाट पनि सहयोग हुन सकेको छैन । नदीजन्य सामान अभावमा अहिले काम गर्न कठीनाइ भएको निर्माण कम्पनीले जनाएको छ ।

गएको आर्थिक वर्षमा त्यही खोलाबाट ढुंगा, गिटी, बालुवा तथा माटो झिकेर सडकमा प्रयोग गरिएकोमा यस वर्ष प्रयोग गर्न नपाउँदा काम अगाडि बढाउन नसकेको निर्माण कम्पनीको भनाई छ ।

३० किलोमीटर सडकखण्डको स्तरोन्नतिको ठेक्का एक अर्ब ३२ करोड रुपैयाँमा लागेको थियो । ३० महीनामा काम पूरा गर्ने गरी २०७४ कात्तिक तेस्रो सातादेखि काम सुरु भएको यो सडक २०७७ जेठ १८ सम्ममा सक्ने समयसीमा तोकिएको छ । तर निर्माण सामग्री अभावमा काम अघि बढ्न नसकेको निर्माण कम्पनीले पटक पटक जानकारी गराइसकेको छ ।

## नक्सालाई सर्वसम्मतले पारित गर्ने वातावरण बनाऔं : डा.भट्टराई

काठमाडौं । लिपुलेक, लिम्पियाधुरा र कालापानीसहित नक्सा संसदबाट सर्वसहमतिले पारित गर्ने वातावरण बनाउन पूर्वप्रधानमन्त्री एवं जनता समाजवादी पार्टी नेपालका नेता डा.बाबुराम भट्टराईले सरकारसँग आग्रह गरेका छन् । आइतबारको संसद बैठकमा आफ्नो मन्तव्य राख्दै डा. भट्टराईले सर्वसहमतिका लागि सबैको विश्वास लिनुपर्ने धारणा राखेका छन् । 'खासगरी हाम्रो सीमा रक्षा गरी बस्ने मधेशी, थारु, पूर्वका राई लिम्बूहरु, पश्चिमका खस, उत्तरका भोटे लामाहरु सबैलाई सम्मान दिएर उहाँहरुसमेतको सहभागितामा यो संविधान संशोधन गरेर पूर्णता दिऔं,' उनले थपे, 'त्यसो भए दीगो शान्ति हुन्छ ।' उनले जनताको रगत पसिनाबाट संघीयता आएको र देशको आवश्यकताले ल्याएको जिकिर गरे । यो देशको जातीय, क्षेत्रीय विविधतालाई सम्बोधन गर्न संघीयता आएको बताए । उनले भने, 'यसका अपूर्णताहरु छन्, त्यसलाई पूर्णता दिन संविधान संशोधन गरेर कार्यान्वयनतर्फ लगौं ।'

## खान नपाएर मान्छे दिनहु मरिरहेका छन्, सरकारको नैतिकता यहीं हो : राजेन्द्र महतो

काठमाडौं । जनता समाजवादी पार्टी नेपालका नेता राजेन्द्र महतोले दिनहुँ मान्छे मरिरहेका छन् तर, यहाँ सत्तामा बसेकाहरु ठूलठूला भाषण गर्नै व्यस्त रहेको आरोप लगाएका छन् । संघीय संसदको आइतबारको बैठकमा आफ्नो मन्तव्य राख्दै नेता महतोले अहिलेको संवेदनशीलतालाई कुनै वास्ता नै नगरी बजेट ल्याइएको आरोप लगाउँदै बजेटको खिल्ली उडाएका छन् । उनले यहाँ कोही भोकै रहँदैन र भोकले कोही मर्दैन भन्ने कुरालाई हावादारी रहेको उनको तर्क थियो । यस्तो बजेटमाथि टिप्पणी गर्नुको पनि कुनै औचित्य नरहेको जिकिर गरे । उनले लामो लामो बजेट पढ्ने सरकारको अलिकति पनि नैतिकता नभएको आक्रोश पोखे । 'सप्तरीमा एक जना दलित समुदायका मलर सदा खान नपाएर मरेको, जटही नाकामा एक युवकको ज्यान ज्यान गएको छ, यहाँ भाषण गरिरहेको छ ।'

## कोरोनाविरुद्ध लड्न केन्द्र सरकारले सहयोग नगरेको मुख्यमन्त्री राउतको गुनासो

काठमाडौं । प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले कोरोना महामारीविरुद्ध लड्न केन्द्र सरकारले सहयोग नगरेको गुनासो गरेका छन् । अहिलेसम्म प्रदेश सरकारले आफ्नै बलबुतामा कोरोनाविरुद्ध काम गरिरहेको दाबी गर्दै उनले केन्द्र सरकारले प्रदेश २ लाई बेवास्ता गरेको आरोप लगाए ।

'हाम्रो प्रदेशका स्थानीय तहलाई सोधिदिनुस् केन्द्र सरकारले के सहयोग गरेको छ? त्यतिबेला तपाईंले जवाफ पाउनु हुनेछ- शून्य,' श्रम रोजगार पत्रकार समूहले गरेको भिडियो कन्फ्रेन्समा मुख्यमन्त्री राउतले भने । अहिलेसम्म जति काम भएको छ यो सबै प्रदेश र स्थानीय तहकै जोडबलमा भएको मुख्यमन्त्री राउतको दाबी छ । 'हामीले सेना, प्रहरीसँग मिलेर क्वारेन्टिन तयार गरेका छौं, अस्पताललाई प्रदेशले नै बजेट दिएको छ, हरेक स्थानीय तहलाई हामीले नै रकम दिएका छौं,' उनले भने ।

अहिलेसम्म केन्द्र सरकारले प्रदेश २ मा के आवश्यक छ भनेर एक पटक पनि सम्पर्क नगरेको मुख्यमन्त्री राउतले बताए । स्थानीय तहले आफैं क्वारेन्टिन तयार गर्दा मापदण्ड अनुसारको नभएको भन्दै धर्मशाला र सरकारी संरचनामा बेड हालेर काम चलाएको बताए ।

जनशक्ति र श्रोत साधनकै अभावका कारण व्यवस्थित क्वारेन्टिन तयार गर्न नसक्दा त्यहाँबाटै संक्रमण फैलिने खतरा रहेको उनको भनाइ थियो । विदेशबाट प्रदेश २ मा झण्डै १० लाख मान्छे फर्किने भन्दै तिनको व्यवस्थापन चुनौतीपुर्ण रहेको उनले बताए । भारतबाट मात्रै ५ लाख युवा फर्किने उनको अनुमान छ । अन्य देशबाट तीन देखि ५ लाख युवा फर्किने मुख्यमन्त्री राउतले बताए ।

'प्रदेश २ का सबै जिल्लामा खुल्ला सीमा रहेका कारण जहाँबाट पनि प्रवेश गर्ने अवस्था छ । सरकारले तोकेकै ठाउँबाट भारतबाट फर्किनेलाई व्यवस्थित तरिकाले फर्काइने छ र स्थानीय तहको जिम्मा लगाइने छ,' उनले भने ।

## संक्षिप्त समाचार

### कोरोना नियन्त्रणमा प्रदेशलाई सहयोग गर्न प्रधानमन्त्रीलाई मुख्यमन्त्री राउतको आग्रह

जनकपुरधाम । प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले कोरोना महामारीका कारण आफ्नो प्रदेशमा सिर्जित संकट प्रदेश सरकारले मात्र थेग्न सक्ने अवस्था नरहेको भन्दै संघीय सरकारका तर्फबाट विशेष सहयोग गर्न प्रधानमन्त्री केपी शर्मा ओलीसँग माग गरेका छन् । प्रधानमन्त्री ओलीलाई पत्र लेख्दै मुख्यमन्त्री राउतले कोरोना परीक्षणका लागि दक्ष जनशक्ति तथा उपकरणका साथै जनजीविकाका लागि विशेष आर्थिक प्याकेज उपलब्ध गराउन माग गरेका हुन् । भारतसँग खुला सीमाना हुनु तथा रोजगारीमा लागि त्यहाँ रहेका लाखौं नेपाली फर्किने क्रम बढिरहेकाले प्रदेशमा कोरोना संक्रमणको जोखिम बढेको मुख्यमन्त्रीले पत्रमा उल्लेख गरेका छन् । जसको नियन्त्रण तथा रोकथामका लागि प्रदेश सरकारका स्रोत, साधन तथा जनशक्तिले मात्र नभ्याउने भन्दै उनले संघीय सरकारसँग विशेष सहयोग माग गरेका हुन् । लकडाउनका कारण दैनिक जीवनयापनमा समस्या भोगिरहेका नागरिकलाई प्रदेश सरकारले स्थानीय तहको समन्वयमा दुई चरणको राहत वितरण गरे पनि लकडाउन थपिँदै जाँदा प्रदेशको भौगोलिक अवस्था, जनसांख्यिक बनोट, मानव विकास सूचकांका र सामाजिक विकासको अवस्था समेतका आधारमा प्रदेश सरकारले मात्र खाद्यान्नसहितको राहत उपलब्ध गराउन चुनौतीपूर्ण देखिएको उल्लेख गर्दै मुख्यमन्त्री राउतले संघीय सरकारका तर्फबाट ठोस कार्यक्रम ल्याउन माग गरेका छन् । कोरोना परीक्षणका लागि प्रदेश सरकारले तीन स्थानमा पीसीआर प्रयोगशाला सञ्चालन गरिरहेको भए पनि भीटीएभ किट अभावमा अपेक्षित काम गर्न नसकिएको उल्लेख गर्दै मुख्यमन्त्री राउतले यथाशीघ्र भीटीएम किट, उपकरण, दक्ष जनशक्ति र स्वास्थ्य सामग्री उपलब्ध गराउन प्रधानमन्त्रीलाई अनुरोध गरेका छन् । प्रदेशबाट वैदेशिक रोजगारीमा गएका झन्डै १० लाख युवा स्वदेश फिर्ता हुन सक्ने सम्भावना रहेकाले युवा रोजगार कार्यक्रम, कृषिकेन्द्रित विशेष योजनाका लागि विशेष आर्थिक प्याकेज उपलब्ध गराउन उनले पत्रमार्फत प्रधामन्त्रीसँग माग गरेका छन् ।

### कपिलवस्तमा १ सय ३२ जना पुगे संक्रमित

मणि प्रसाद गैह्रे, कपिलवस्तु । कपिलवस्तुको ३ स्थानीय तहमा २४ कोरोना संक्रमित थपिएका छन् । जिल्ला स्वास्थ्य कार्यालय कपिलवस्तुका अनुसार विजयनगर गाँउपालिका ९ जना, कपिलवस्तु नगरपालिकामा १३ जना  र महाराजगंज नगरपालिकामा १ जना थपिएका छन् । बाँकी एक जनाको भारतबाट कृष्णनगर आउने क्रममा कोरोना संक्रमण भएर मृत्यु भएका हो । उनको स्वाब परीक्षण गर्दा कोरोना संक्रमण भएको पुष्टि भएको हो ।  उनको ठेगाना अर्घाखाची जिल्ला रहेको छ । पुष्टि भएकामध्ये विजयनगर गाउँपालिका वाड न.३ का वर्ष २३ र ३० का पुरुष २ जना, वाड न ५ का बर्ष २६ का पुरुष १ जना, वाड न ७ का बर्ष ४३, ५२, ३७, ३९, ४०, २७ का ६ जना पुरुष रहेका छन् । यसैगरी कपिलवस्तु नगरपालिका वाड न ७ का वर्ष २७ का पुरुष १ जना, वाड न ८ का वर्ष ३६, ४०, १७, ४४, २३, ३५, २५, २८, ३२, २५, ३४, २० का १२  पुरुष रहेका छन् । महाराजगन्ज नगरपालिका वाड न ७ वर्ष ३० का १ जना पुरुषमा समेत कोरोना भएको छ । यो थप भएसंगै जिल्लामा कोरोना संक्रमण हुनेको संख्या १ सय ३२ पुगेको छ । एक जना अर्घाखाँची जिल्लाका रहेका छन् । कपिलवस्तु जिल्लामा दिनहुँ भारतको सीमाबाट नेपालीहरु आउने क्रम जारी रहेको छ । सोही क्रममा परीक्षणको अझै गति लिन सकेको छैन । परिक्षणको दायरा बढेमा जिल्लामा अझै संक्रमणको संख्या बृद्धि हुने स्वास्थ्यकर्मी बताउँछन् ।

### बेलहिया नाकामा भारतीय नागरिक अलपत्र

लुम्बिनी । रुपन्देहीको अल्फा ईंटाभट्टामा विगत चार वर्षदेखि काम गर्दै आएका भारतीय नागरिक नुरमोहमद बेलहियाको सडकमा तीन दिनदेखि घर फर्कने बाटो कुरेर बसेका छन् । दुई भाइ र दुई बहिनीसँगै उक्त भट्टामा काम गर्ने उनी भारतको बरेली जिल्लाको सजानपुरका स्थायी बासिन्दा हुन् । कोरोना भाइरस सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले मुलुकभर लागू गरेको बन्दाबन्दीका कारण भट्टा सञ्चालकले सबै मजदुरलाई घर फर्कन भनेपछि परिवारसहित पैदलै घरतर्फ फर्कने क्रममा उनीहरु सीमामै रोकिएका छन् । भारत सरकारले नेपालको सीमा क्षेत्रमा रोकिएका आफ्ना नागरिकलाई सीमा प्रवेशमा अझैसम्म अनुमति दिएको छैन । स्वदेश फर्कने आसमा सीमा क्षेत्रमा रहेका भारतीय नागरिक उद्धारको पर्खाइमा छन् । करिब सात हजारभन्दा बढी भारतीय नागरिक सीमावारि नेपालतर्फ रोकिएका छन् । स्वदेश फर्कन नेपालतर्फ सीमा क्षेत्रमा बस्दै आएका भारतीय नागरिकलाई सीमा क्षेत्रका नेपालीले उद्धारको काम गरिरहेको बेलहियाका स्थानीय रामबहादुर बस्नेतले बताए । प्रदेश नं ५ का विभिन्न जिल्लामा मात्रै २१० भट्टा रहेका छन् । ती भट्टामा काम गर्ने अधिकांश मजदुर भारतीय रहेका छन् । एउटा उद्योगमा १०० भन्दा बढी मजदुर काम गर्ने गर्दछन् । दशैंतिहारपछि आएर वैशाखको दोस्रो सातादेखि घर जाने मजदुर खेतीपातीका लागि घर फर्किन थालेका हुन् । रुपन्देहीका प्रमुख जिल्ला अधिकारी महादेव पन्तले भारततर्फको प्रक्रियागत ढिलाइका कारणले मजदुर रोकिराखेको बताए । सिद्धार्थनगर नगरपालिका प्रमुख हरिप्रसाद अधिकारीले नेपालमा काम गर्ने भारतीय मजदुरको व्यवस्थापनमा नगरपालिकाले विभिन्न सामाजिक सङ्घसंस्थासँग समन्वय गरी उद्धार गर्दै आएको बताए ।

### प्रदेश १ का १८ कोरोना संक्रमित निको भए

विराटनगर । प्रदेश नं. १ का थप १८ जना कोरोना संक्रमित उपचारपछि निको भएर घर फर्केका छन् । झापाका १७ जना पुरुष र सुनसरीकी एक महिलासहित १८ जना कोरोना संक्रमणमुक्त भएका हुन् । वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार गराएका उनीहरुलाई सोमबार राति डिस्चार्ज गरिएको छ । दुई पटक गरिएको पीसीआर परीक्षण रिपोर्ट नेगेटिभ आएपछि १८ जनालाई सोमबार राति डिस्चार्ज गरिएको जनाइएको छ । कोरोना जितेर डिस्चार्ज हुनेहरुलाई धरान उपमहानगरपालिकाका मेयर तिलक राई, प्रतिष्ठानका निर्देशक गौरीशंकर साह, सहायक निर्देशक डा. विकास साहलगायतले पुष्पगुच्छा दिएर बिदाई गरेका थिए । योसँगै प्रदेश १ मा कोरोनाबाट मुक्त हुनेहरुको संख्या ४८ पुगेको  छ । प्रदेश १ मा १६७ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । तीमध्ये ८० जना बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा र ३९ जना विराटनगरको कोशी अस्पताल कोभिड १९ उपचार केन्द्रमा उपचाररत छन् ।

### उद्योग वाणिज्य संघ आन्दोलित

नेपालगन्ज । नेपालगन्ज उद्योग वाणिज्य संघले सरकारले कर तिर्न थप गरेको समय पनि अपर्याप्त भएको जनाएको छ । जेठ २५ गतेभित्र कर तिर्नुपर्ने पुरानो निर्णय खारेज गरी अर्थमन्त्रालयले कर तिर्ने समय असार ७ गते थप गरेको छ । उक्त निर्णय खारेजी र निजीक्षेत्रलाई तत्काल सहुलियत घोषणा गर्न माग गर्दै संघले चरणबद्ध आन्दोलनको घोषणा गरेको छ । बुधबार जिल्ला प्रशासन कार्यालय बाँके मार्फत अर्थमन्त्री युवराज खतिवडालाई ज्ञापनपत्र बुझाएर संघले आफ्नो मागका बारेमा जानकारी गराउँदै आन्दोलनको घोषणा गरेको हो । संघले आफ्ना माग कार्यान्वयन गराउन घोषणा गरेको आन्दोलनका कार्यक्रम अर्न्तगत बिहिवार बिहान ९ बजेदेखि बिहान १० बजेसम्म उद्योगी, व्यवसायीहरुले कर तिर्न नसक्ने ब्यहोरा सहितका प्लेकार्ड राखेर आ-आफ्नो प्रतिष्ठान वा घरबाटै बिरोध प्रदर्शन गर्ने भएका छन् । त्यसपछि उद्योगी, व्यवसायीसँग छलफल गरी आवश्यक रणनीति तय गर्ने निर्णय भएको संघका अध्यक्ष अब्दुल वाहिद मन्सुरीले जानकारी दिएका छन् । संघले नेपाल राष्ट्र बैंकको मौद्रिक तथा वित्तिय निति मार्फत बैंक ब्याज मिन्हा, सहुलियत तथा छुट्ट संबोधन गर्न माग गरेको छ । साथै लकडाउन अवधि भरलाई शुन्य समय मानी तिर्नुपर्ने सम्पूर्ण कर लकडाउन खुलेको कम्तीमा तिन महिना पछि तिर्ने व्यवस्था गर्नुपर्ने माग गरेको महासचिव चिरञ्जीवी ओलीले बताए । उनका अनुसार उद्योग, व्यवसाय सञ्चालन नहुँदा आय आर्जन ठप्प भएको समयमा असार ७ गते भित्र तोकेको मितिमा कर बुझाउन उद्योगी, व्यवसायी पूर्णतः असमर्थ छन् । अहिलेकै परिस्थितीमा कुनै पनि हालतमा कर दाखिला गर्न नसकिने बताउँदै संघले नेपाल सरकार अर्थमन्त्रालय आन्तरिक राजश्व विभागको कर विवरण तथा कर बुझाउने सम्बन्धि सार्वजानिक सुचना प्रति यस संघको गम्भीर ध्यानार्षण भएको बताउँदै उक्त निर्णय तत्काल फिर्ता लिन जोडदार गरेको छ ।

### अर्थमन्त्री र मुख्यमन्त्रीको पुतला दहन

वीरगञ्ज । नेपाल विद्यार्थी संघ पर्साले आज वीरगञ्जमा अर्थमन्त्री र मुख्यमन्त्रीको पुत्ला दहन गरेका छन् । नेवि संघसँग आबद्ध विद्यार्थी नेताहरुले दुवै तहका सरकारको विरोध गर्दै घण्टाघर चोकमा भेला भएर अर्थमन्त्री डा. युवराज खतिवडा र मुख्यमन्त्री लालबाबु राउतको पुत्ला दहन गरेका हुन् ।लकडाउनमा थुनिएका जनतासँग कर मागेर सरकारले नैतिकता पनि गुमाएको नेविसंघको आरोप छ । नेविसंघ पर्साका नेता विकास तिवारीले लकडाउनले जनता भोकभोकै बस्नु पर्ने अवस्था आइसक्दा पनि सरकार भने राहत दिनुको सट्टा कर असुलमा मात्रै व्यस्त रहेको बताउनुभयो । यस्तै, प्रदेश सरकार पनि जनताको वास्ता नगरी सुतिराखेको भन्दै नेविसंघका कार्यकर्ताले चर्को आक्रोश पोखेका छन् । नेविसंघका कार्यकर्ताहरु नाराबाजी गर्दै आदर्शनगरमा पुगेर कोणसभामा परिणत भई समापन भएको हो ।

# कोरोना कोषबाट प्रदेश २ का अस्पताललाई सवा ८ करोड प्रदान

जनकपुरधाम । कोरोना महामारी नियन्त्रण तथा उपचारका लागि प्रदेश २ सरकारले स्थापना गरेको कोरोना कोषबाट प्रदेशका विभिन्न अस्पतालले ८ करोड २३ लाख २५ हजार रुपैया पाएको छ। प्रदेश सरकारले पछिल्लो चरणमा मात्र विभिन्न अस्पताललको लागि ५ करोड १३ लाख ७५ हजार निकासा गरेको हो ।

पछिल्लो चरणमा कोरोना भारइस संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोषबाट रकम पठाएको अस्पतालहरुमा पर्साको पोखरिया अस्पताललाई औजार उपकरण खरिदमा १० लाख, जनशक्ति व्यवस्थापनमा १० लाख, कोभिड-१९ संक्रमित व्यक्तिहरु एवं स्वास्थ्यकर्मीका लागि खाजा, खाना एवं पानी व्यवस्थापन गर्न १० लाख, औषधि खरिदमा ५ लाख र खानेपानी व्यवस्थापनमा २ लाख गरी कुल ३७ लाख उपलब्ध गराएको छ। यस्तै रौतहटको गौर अस्पताल र मातहत रहेका कोभिड विशेष अस्पतालका लागि खाजा, खाना तथा पानी व्यवस्थातर्फ २५ लाख, औषधि खरिदका लागि ५ लाख, पानीको धारा एवं विद्युत महसुलमा ६ लाख, पीपीई र सेनीटाइजर आदि खरिदमा ४ लाख, मेसिनरी औजार मर्मतमा १ लाख ५० हजार, जनशक्ति व्यवस्थापनमा १० लाख, सरसफाईमा १ लाख ५० हजार र बेड सेट खरिदका लागि ३ लाख गरी कूल ५६ लाख रुपैयाँ पठाएको छ।

त्यसैगरी सर्लाहीको मलंगवा अस्पताल र मातहत रहेको कोभिड अस्पतालका लागि औषधि खरिदतर्फ ५ लाख, जनशक्ति व्यवस्थापनका लागि १० लाख, खाजा, खाना एवम् पानी व्यवस्थापन गर्न १० लाख, मेशिनरी औजार उपकरण खरिका लागि २ लाख, बेड तथा फर्निचर व्यवस्थाका लागि ५ लाख, क्वारेन्टाइन बास खर्च ४ लाख, कार्यालय सामग्री र ईन्धनका लागि १-१ लाख, सवारी साधन भाडामा लिन १ लाख, आइसोलेशन भवन मर्मतका लागि १ लाख, संचार महसुल २५ हजार र पानी तथा विद्युत महसुल ५० हजार गरी जम्मा ४० लाख ७५ हजार पठाएको छ। सप्तरीको भारदह अस्पतालमा प्रिफ्याब भवन निर्माणका लागि १ करोड ७५ लाख, फर्निचर फिक्सचरतर्फ २५ लाख, शौचालय निर्माणतर्फ २५ लाख, अस्पताल रंगरोगनका लागि १० लाख, ल्याब सेटअपका लागि ५० लाख र इलेक्ट्रिफिकेशन, प्लम्बिंग तर्फ ५ लाख गरी कुल २ लाख ९० हजार रुपैयाँ पठाइएको छ। सिरहाको सिराहा अस्पताल र मातहत रहेको कोभिड अस्पतालका लागि औषधि एवं स्वास्थ्य सामग्री खरिदतर्फ १० लाख, अक्सिजन पाइपलाइन निर्माणका लागि १० लाख, सिसिटीभि एवं मेशिनरी औजार खरिदका लागि ५ लाख, बेड सेट एवं फर्निचर खरिदका लागि रु ५ लाख, क्वारेन्टाइन बास खर्चका लागि ५ लाख, खाजा, खाना एवं पानी व्यवस्थापन गर्न १० लाख, आइसोलेशन कक्ष निर्माणका लागि आवश्यक भौतिक पूर्वाधार विकासतर्फ १० लाख गरी कुल ६५ लाख दिइएको छ। सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अस्पताल मातहत रहेको साईकृष्ण मेडिकल कलेज कोभिड १९ लेभल १ अस्पताल मा आइसोलेसन कक्ष निर्माण गर्न नेपाली सेनाको भिमदल गणलाई २५ लाख रुपैया उपलब्ध गराइएको छ। रकम पठाइएको अस्पतालमा पर्साको पोखरिया र सप्तरीको भारदह अस्पताललाई प्रदेश सरकारले हालै ५० शैय्याको अस्पतालमा स्तरोन्नति गर्ने निर्णय गरेको थियो। प्रदेश सरकारले यसअघि उपचार कोषबाट गजेन्द्र नारायण सिंह सगरमाथा अस्पताललाई १० लाख, सप्तरीको भारदह अस्पताललाई ३१ लाख, लहान अस्पताललाई १९ लाख ५० हजार, सिरहा अस्पताललाई १९ लाख ५० हजार, प्रादेशिक अस्पताल जनकपुरलाई ३१ लाख २५ हजार, जलेश्वर अस्पताललाई १९ लाख ५० हजार, मलंगवा अस्पताललाई १९ लाख ५० हजार, गौर अस्पताललाई १९ लाख ५० हजार दिइएको छ। त्यस्तै कलैया अस्पताललाई ३१ लाख २५ हजार, पोखरिया अस्पताल पर्सालाई ३१ लाख २५ हजार र नारायणी अस्पताललाई वीरगन्जलाई खाद्यान्नको लागि २५ लाख तथा पिसिआर मेसिन संचालनका लागि ५० लाख गरि तीन करोड ९ लाख, ५० हजार रकम उपलब्ध गराएको थियो। प्रदेश सरकारले उपचार कोषको अतिरिक्त समाजिक विकास मन्त्रालयको बजेटबाट समेत विभिन्न अस्पतालहरुलाई रकम उपलब्ध गराएको मुख्यमन्त्री तथा मंत्रिपरिषदको कार्यालयले जनाएको छ।

## सामाजिक संजालमा असमाजिक तत्वहरूको सक्रियता बढेको भारतीय सुरक्षा एजेन्सीहरूले निष्कर्ष

काठमाडौं। सामाजिक संजालमा असमाजिक तत्वहरुको सक्रियता बढेको भारतीय सुरक्षा एजेन्सीहरुले निष्कर्ष निकालेका छन्। नेपालका सामाजिक सञ्जालमा नेपाल-भारतको सम्बन्ध बिगार्ने असामाजिक तत्वहरु सक्रिय रहेको निष्कर्ष भारतका विभिन्न सुरक्षा एजेन्सीहरुले निकालेका हुन्। नेपाल र भारतबीच सम्बन्ध बिगार्ने, भड्काउने, तथ्यहीन सूचना र जानकारी प्रकशान र प्रशारण गर्नेगरी सक्रिय भएको एजेन्सी निकट स्रोतको दाबी छ। 'यस्ता तत्वहरु एजेन्सीहरुका निगरानीमा छन्' एजेन्सी स्रोतले भन्यो, 'कुटनीतिक रुपमा समाधान गर्नुपर्ने कुरालाई प्रायोजित रुपमै गलत रुपमा प्रस्तुत गरिएको छ। यसले कसैको पनि हित नहुने निष्कर्ष निकाल्दै उनीहरुमाथि निगरानी बढाइएको छ।' नेपाल र भारतबीचको सम्बन्धलाई लिएर उठेका कतिपय विषयलाई वार्ता र कुटनीतिको माध्यमबाट समाधान गर्नुपर्नेमा कसैको स्वार्थपूर्तिका लागि सामाजिक संजालमा भड्किलो प्रचार गर्नेहरुमाथि एजेन्सीहरुले निगरानी गरिरहेको स्रोतको भनाइ छ। बर्षौंदेखिको सुमधुर सम्बन्धलाई केहि विषयलाई लिएर उठेका समस्या ती तत्वहरुका लागि मागी खाने भाडोजस्तै भएको र यसले दीर्घकालीन रुपमा भारत वा नेपाल कसैलाई पनि फाइदा नपुग्ने भन्दै त्यस्ता उत्तेजक तत्वहरुमाथि निगरानी बढाइएको र यसको जानकारी सम्बन्धित निकायमा पुऱ्याउने काम भैरहेको एजेन्सी निकट स्रोतले बताएको छ। भारत र नेपालको सम्बन्ध बिगार्नेगरी सूचनाहरु प्रकाशन र प्रशारण गर्ने र त्यसलाई 'पेड प्रमोसन' गर्न तेश्रो मुलुकबाट प्रायोजन भईरहेकोसमेत एजेन्सीहरुको निषकर्ष छ।

## क्वारेन्टिनमा बसेकाले कुटे स्वास्थ्यकर्मी

रौतहट। रौतहटको राजपुर नगरपालिका वडा नं.–९ मा रहेको क्वारेन्टाइनमा स्वास्थ्यकर्मी माथि आक्रमण भएको छ। स्वास्थ्यकर्मी खुरसिद आलमलाई कुटपिट गरि घाइते बनाएको हो। क्वारेन्टाइनमा बसेकाहरु चेकजाँच गर्दा अधिकांशको पोजेटिभ केस फेला पर्दै गइरहेको र त्यसमा स्वास्थ्यकर्मीको गल्ती रहेको भन्दै कुटपिट भएको हो। क्वारेन्टाइनमा रहेकाहरुले डाक्टरहरुको गल्ती चेकजाँचका कारण धेरैमा पोजेटिभ देखिएको भन्दै होहल्ला गर्न थाले, त्यही बीचबाट केही व्यक्तिहरुले स्वास्थ्यकर्मी खुरसीदमाथि आक्रमण गरि घाइते बनाएको स्वास्थ्यकर्मीहरुले बताएका छन्। स्वास्थ्यकर्मी खुरसिदको टाउकोमा गम्भीर चोट लागेको छ। उनको उपचार स्थानीय स्वास्थ्य चौकीमा भइरहेको राजपुर नगरपालिकाका निमित्त प्रशासकिय अधिकृत बैजु ठाकुरले बताए।

## पश्चिमी सीमा नाका हुँदै एक हजार भारतीय नागरिक फिर्ता

काठमाडौं। कञ्चनपुर जिल्लाका विभिन्न इँटा भट्टालगायतका क्षेत्रमा काम गर्दै आएका एक हजारभन्दा बढी भारतीय नागरिक सीमा नाका हुँदै भारत गएका छन्। वैधानिकरूपमा सीमा नाका गड्डाचौकी खुला गरिएपछि छ दिनको अवधिमा ती भारतीय नागरिक सो नाका भएर घर गएका हुन। भारतीय प्रशासनसँगको समन्वयमा भारतीय नागरिकलाई सीमा नाकाबाट भारत पठाइएको जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले जनाएको छ। कार्यालयले उपलब्ध गराएको विवरणानुसार आइतबार १०७, शनिबार २६२, शुक्रबार १७८, मङ्गलबार ८६, बुधबार २५४ र बिहीबार १७१ भारतीय नागरिक सीमा नाका हुँदै घर गएका हुन्।

सीमा नाकामै स्वास्थ्य जाँच गरी भारतीय नागरिकहरुलाई भारततर्फ पठाइएको हो। भारत जाने नागरिकमा पुरुष, महिला र बालबालिका रहेका छन्। यसैगरी सीमा नाका भएर पछिल्लो सात दिनको अवधिमा भारतबाट झण्डै १७ नेपाली फर्केका छन। आइतबार तीन हजार ५८, शनिवार तीन हजार ७५२, शुक्रबार दुई हजार ७७८, बिहीबार दुई हजार ४०५, बुधबार एक हजार ५८६, मङ्गलबार ६९० र सोमबार दुई हजार ६३७ नेपाली भारतबाट पश्चिमी सीमा नाका गड्डाचौकी हुँदै घर फर्केका छन्।

## नयाँ नक्सासँगै मधेशी दलको माग पनि पूरा गरौं: निधि

काठमाडौं। नेपाली कांग्रेसका उपसभापति विमलेन्द्र निधिले नयाँ नक्सालाई आधिकारिकता दिन गरिने संविधान संशोधनका क्रममा मधेशी दलको पनि माग पूरा गर्नुपर्ने बताएका छन्। पार्टी मुख्यालय बसेको केन्द्रीय कार्य समितिको बैठकमा नेता निधिले राष्ट्रिय जनता पार्टी नेपाल र समाजवादी पार्टी नेपालसहितले उठाउँदै आएको संविधान संशोधनको मागलाई अहिले नै सम्बोधन गरेर जानुपर्ने मत राखे। 'मधेशी दलहरुले उठाएका मुद्दालाई पनि यतिखेर सम्बोधन गरेर जाऊँ', निधिले बैठकमा भने। उनले भने, 'भारतले हडपेको जमिनसहितको नक्सालाई संविधानमा समावेश गर्ने क्रममा यी माग पनि पूरा गरेर अघि बढ्ने गरी कांग्रेसले निर्णय गर्नुपर्छ।'

बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं, शिक्षा दिएर असल नागरिक बनाऔं, चर्पीमा मात्र दिसापिसाब गराऔं, गाउँघरलाई सफा र स्वच्छ राखौं।
मटिहानी नगरपालिका
महोत्तरी

बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं, शिक्षा दिएर असल नागरिक बनाऔं, चर्पीमा मात्र दिसापिसाब गराऔं, गाउँघरलाई सफा र स्वच्छ राखौं।
जलेश्वरनाथ नगरपालिका
महोत्तरी

## मधेश अपडेट

### गाडी दुर्घटना हुँदा १२ जनाको मृत्यु

बाँके। राप्ती सोनारी गाउँपालिका-२ ठोरी जंगलस्थित सडकमा सल्यानतर्फ जाँदै गरेको बा.५ ख ५९९५ नम्बरको फोर्स गाडी आइतबार राति दुर्घटना हुँदा गाडीमा सवार १२ जनाको मृत्यु भएको छ। दुर्घटनामा घाइते भएका उनीहरुको भरी अस्पताल नेपालगंजमा उपचारको क्रममा मृत्यु भएको हो। साथै दुर्घटनामा घाइते भएका गाडीमा सवार अन्य २१ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ। सल्यानतर्फ जाँदै गरेको सो गाडी सडकमा बिग्रिएर रोकी राखेको ना.४ ख ९०६४ नम्बरको ट्रकको पछाडी ठक्कर खाई दुर्घटना भएको हो। दुर्घटनास्थलमा तत्काल खटिएको प्रहरीले आवश्यक उद्दार कार्य गर्नुका साथै थप अनुसन्धान गरिरहेको छ।

### खोलामा आएको बाढीले बगाई २ जना बेपत्ता

कैलाली। चुरे गाउँपालिका-३ स्थित पातली खोलामा सोमबार बिहान आएको बाढीले बेगाई सोही खोला नजिक बस्दै आएका २ जना बेपत्ता भएका छन्। बेपत्ता हुनेहरुमा सोही गाउँपालिका सहजपुर बोक्टान निर्माणाधिन सडक खण्डमा लेवर काम गर्ने कञ्चपुर कृष्णपुर नगरपालिका-४ गुलरिया बस्ने अन्दाजी ४० वर्षीय र २४ वर्षीय पुरुषहरु रहेका छन्। पातली खोलाको छेउमा पाल टाँगी बस्दै आएका उनीहरुलाई खोलामा आएको बाढीले बगाउँदा बेपत्ता भएको बताइएको छ। ईलाका प्रहरी कार्यालय फल्टुडे र प्रहरी चौकी घरखेडाबाट खटिएको प्रहरीले स्थानीय बासिन्दाको सहयोगमा बेपत्ता भएकाहरुको खोजी गर्नुका साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ।

### बर्दियासँग जोडिएको भारतीय सीमा बन्द

बाँके। बर्दियाको मधुवन नगरपालिकासँग जोडिएका सम्पूर्ण खुला सीमा बन्द हुने भएको छ। नगरपालिकाको बसेको सर्वदलीय एवं सर्वपक्षीय बैठकले भारतसँग जोडिएका सबै सीमा बन्द गर्ने निर्णय गरेको हो। कोरोना भाइरसका कारण बन्दाबन्दी अवस्थामा पनि भारतबाट लुकिछिपी आउने क्रम नरोकिएपछि यस्तो निर्णय गर्नुपरेको नगर प्रमुख गणेशबहादुर क्षेत्रीले जानकारी दिए। उनका अनुसार नगरभित्र कोही कोरोना सङ्क्रमित भेटिएका अवस्थामा बर्दियामा रहेको जिल्ला समन्वय समितिको भवनमा बनाइएको आइसोलेशनमा राखेर उपचार गरिने छ। शय्या सङ्ख्या अपुग भएमा कोरोना सङ्क्रमितलाई उपचार गर्नका लागि मधुवनमै आइसोलेशन वार्ड निर्माण गरिने उनले जानकारी दिए।

### प्रदेश २ मा थपिए ६० संक्रमित

जनकपुरधाम। प्रदेश २ मा कोरोना भाइरस संक्रमण बढ्दै गएको छ। आइतबार ६० कोरोना संक्रमित थपिएका छन्। सबैभन्दा बढी रौतहटमा २९ जना कोरोना संक्रमित थपिएका छन्। यस्तै धनुषामा २१ जना र सर्लाहीमा १० जना थपिएका प्रदेश २ का सामाजिक विकास मन्त्रालयले जनाएको छ। रौतहटका २९ संक्रमित मध्ये दुर्गाभगवती क्वारेन्टाइनका ८ जना, मदरसा क्वारेन्टाइनका १० र गौर क्वारेन्टाइनका ११ जना छन्। धनुषा मुखियापट्टी मुसहरनिया क्वारेन्टाइनका ११ जना, गोपाल धर्मशाला क्वारेन्टाइनका ९ जना र गणेशमान चारनाथ क्वारेन्टाइनका १ जना छन्। यस्तै सर्लाहीका हरिपुर नगरपालिकाका ७ जना र बहम्पुरी गाउँपालिकाका ३ जनामा कोरोना संक्रमण देखिएको छ। संक्रमित सबै २० देखि ५५ वर्ष उमेर समूहका रहेका बताइएको छ। थपिएका सबै संक्रमितलाई आइसोलेसनमा राख्ने तयारी भइरहेको छ।

### २० किलो गाँजासहित चार जना पक्राउ

रौतहट। देवाही गोनाही नगरपालिका-८ गोनाही चोकबाट करिब २० किलो लागूऔषध गाँजासहित चार जनालाई बिहीबार बिहान प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा मकवानपुर हेटौंडा उपनगरपालिका-११ थानाभर्याङ बस्ने २७ वर्षीय निरज लामा, कैलास गाउँपालिका-९ कुमलटार बस्ने २८ वर्षीय बिसाल लामा, हेटौंडा उपमहानगरपालिका-१२ पदम पोखरी बस्नेहरु सागर लामा र अंकित लामा रहेका छन्। ईलाका प्रहरी कार्यालय देवाही गोनाही रौतहटबाट खटिएको प्रहरीले मौलापुरबाट जयनगरतर्फ जाँदै गरेको बा.६४ प ९३०७ र ना.४५ प ६३९८ नम्बरको मोटरसाइकललाई जाँच गर्दा मोटरसाइकलमा सवार उनीहरु ४ जनाको साथमा ४ वटा झोलामा रहेको उक्त लागूऔषध गाँजा फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ।

### कुटपिट गरी आफ्नै दाजुको हत्या गर्ने पक्राउ

रुपन्देही। कुटपिटबाट आफ्नै दाजुको हत्या गरेको अभियोगमा गैडहवा गाउँपालिका-२ पडौरा बस्ने १९ वर्षीय शिवचन्द केवटलाई प्रहरीले पक्राउ गरेको छ। शिवचन्दले मादक पदार्थ सेवन गरी सामान्य विवादमा बाँसको चिर्पटले दाजु २५ वर्षीय जवाहिर केवटलाई टाउकोमा हान्दा गम्भीर घाइते भएका थिए। तत्काल उपचारको लागि लोण्डिया स्वास्थ्य क्लिनिक लगेकोमा थप उपचारको लागि सुविधा सम्पन्न अस्पतालतर्फ लैजान क्लिनीकले सुझाव दिएपछि फर्काएर लैजाने क्रममा बाटोमै उनको मृत्यु भएको प्रहरीले जनाएको छ।

### रौतहटमा थपिए ७४ जना नयाा संक्रमित

रौतहट। प्रदेश २ मा मंगलबार एकैदिनमा थप १२० जना कोरोना भाइरसका नयाँ संक्रमित थपिएका छन्। धनुषा, महोत्तरी, सिराहा, सप्तरी, रौतहट र बारामा गरी थप १२० जनामा कोरोना संक्रमणको पुष्टि भएको प्रदेश नम्बर दुईका स्वास्थ्य निर्देशनालयका वरिष्ठ प्रशासकीय अधिकृत डाक्टर विजय झा जानकारी दिए। उनका अनुसार रौतहटमा मात्रै ७४ जना नयाँ संक्रमित भेटिएका हुन्। पछिल्लो समय प्रदेश २ मा दिनहुँ ठूलो संख्यामा कोरोना संक्रमित बढ्दै गएको छ। योसँगै प्रदेश २ मा कोरोना संक्रमितको संख्या ८ सय १५ पुगेको छ। यसअघि सोमबारमात्रै प्रदेश २ मा ८२ जनामा कोरोना संक्रमण पुष्टि भएको थियो।

### रौतहटमा जलाउन लागेको शव प्रहरीले नियन्त्रणमा लियो

रुपेन्द्र पटेल, रौतहट। रौतहटको चन्द्रपुर नगरपालिकाको एक गाउँबाट प्रहरीले जलाउन लागेको अवस्थामा एक महिलाको शव बरामद गरेको छ। चन्द्रपुर नगरपालिका १० बालचनपुरस्थित घाघी खोलामा जलाउन लागेको अवस्थामा २६ बर्षिय सिमाकुमारीको शव नियन्त्रणमा लिएको हो। शंकास्पद अवस्थामा लास जलाउन लागेको सूचनाका आधारमा ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले शव बरादम गरेको डिएसपी हेमबशादुर शाहीले जानकारी दिएका छन्। मृतक महिलाका श्रीमान मुकेश पंडितलाई प्रहरीले नियन्त्रणमा लिएको र घटनाका बारेमा थप अनुसन्धान भइरहेको शाहीले जानकारी दिएका छन्। मृतकका आफन्तले शंकास्पद मृत्यु भएको सूचनाका प्रहरीमा दिएपछि प्रहरीले जलाउन लागेको शव ल्याएर चन्द्रनिगाहपुरस्थित सरकारी अस्पतालको शवगृहमा राखेको छ। घटना बारे थप अनुसन्धान भइरहेको प्रहरीले बताएको छ।

### पटेलद्वारा ढलान सडक उद्घाटन

वीरगन्ज। बन्दाबन्दीमा विकास योजनाले तिब्रता लिएपछि निम्नवर्गलाई राहत प्रदान गरेको छ। कारोना महामारीको कारण दुई महिनादेखि लागु रहको बन्दाबन्दीले दैनिक ज्यालादारी गरेर जिवन व्यक्तिहरुलाई सास्ती बढेको थियो। केहि हप्तादेखि संघीय तथा प्रदेश सांसदहरुको कोषबाट भइरहेको विकास योजनाले रोजगारी सिजर्ना गरेकोले आर्थिक गतिविधिहरु पुनः सुरु भएका छन्। वीरगन्ज महानगरपालिकाको वडा नम्बर २४ को बहुअरी टोलमा सुरु भएको सडक निर्माण योजनाको प्रदेश सभासद रमेश पटेल र डा अन्जु यादवले संयुक्तरुपमा उदघाटन गरेका थिए। प्रदेश सभासद रमेश पटेलको संसदिय कोषबाट निर्माण भइरहेको सडक ढलान योजना ५०लाखको लागतमा २ हजार ७ सय ८६ स्क्वायर मिटर सडकमा माटो पुरी ग्रेभल गरेको ढलान गर्ने कार्य सोमबार सुरु भएको छ।

### कोरोना अस्पतालबाट ४ जना डिस्चार्ज

बुटवल। बुटवलस्थित कोरोना विशेष अस्पतालबाट आज ४ जना संक्रमित निको भएर घर फर्किएका छन्। निको भएर घर फर्कनेहरूमध्ये ३ जना कपिलवस्तुका र १ जना रुपन्देहीका हुन्। उनिहरू वैशाख २९ र ३० गते अस्पताल भर्ना भएको र संक्रमितको लगातार दुई पटकको रिपोर्ट नेगेटिभ आएपछि आज डिस्चार्ज गरिएको बुटवल धागो कारखानास्थित कोरोना विशेष अस्पतालका फोकल पसर्न तथा वरिष्ठ कन्सलटेन्ट डा. सुदर्शन थापाले जानकारी दिए। सो अस्पतालबाट यसअघि वैशाख ३० गते रुपन्देहीका १ र जेठ १० गते कपिलवस्तुका १० जना उपचार पछि निको भएर घर फर्किसकेका छन्।

# मधेशीबारे विवादास्पद अभिव्यक्ति दिएका एन्फा अध्यक्ष शेर्पाले माफी मागे

काठमाडौं । अखिल नेपाल फुटबल संघ (एन्फा)का अध्यक्ष कर्मा छिरिङ शेर्पाले आफूले खेल भावनाबाहेक कुनै मनसाय राखेर वा कुनै क्षेत्र, प्रदेश र भूगोललाई होच्याउने वा नकारात्मक सन्देश प्रवाह गर्न नखोजेको स्पष्टोक्ति दिएका छन् ।

एक प्रेस विज्ञप्ति जारी गर्दै अध्यक्ष शेर्पाले आफूले दिएको अभिव्यक्ति कुनै सम्प्रदाय, वर्ग, जाति, लिङ्ग, भाषाभाषी, प्रदेश र भूगोलप्रति लक्षित नगरेको बताएका हुन् । आफ्नो भनाइलाई तोडमोड गरी फुटबलप्रति वितृष्णा उत्पन्न गराउने मनसायबाट प्रेरित तत्वले एन्फा र यसको नेतृत्वको छवि धमिल्याउने र हुँदै आएको फुटबलको विकासको गतिमा अवरोध पुऱ्याउने योजनामुताबिक दुष्प्रचार गरेको दाबी गरेका छन् । आफूले दिएको अन्तर्वार्तामा भावनालाई भन्दा पनि शाब्दिक अर्थमा मात्र ध्यान दिएको बताएका छन् । 'मेरो अभिप्राय तथा भावना कुनै पनि भाषा, धर्म, वर्ग, लिङ्ग तथा सम्प्रदायको नेपालीको राष्ट्रियतामा प्रश्न गर्ने थिएन र कदापि होइन पनि', विज्ञप्तिमा उनले भनेका छन्, 'यद्यपि अन्तर्वार्ताको क्रममा व्यक्त शब्दावलीबाट नेपाली दाजुभाइ दिदीबहिनी एवं त्यस क्षेत्रका नेपालीहरुमा कुनै चोट पुग्न गएमा त्यसप्रति क्षमायाचना गर्दछु ।'

नेपाली राष्ट्रियता र राष्ट्र पहिचानको सन्दर्भमा अन्य क्षेत्रभन्दा तराईको गौरवशाली इतिहासबाट नेपाली फुटबल क्षेत्रमा केही कमी भएकोमा नेपाली फुटबल खेलको अभिभावकको आफूलाई पछूतो भएको उल्लेख गरेका छन् ।

तराईका सप्तरी, सिरहा, धनुषा र महोत्तरी गरी ४ जिल्लाको गतिविधिको बारेमा पूर्वाधारलाई अझ बढी प्रभावकारी सञ्चालन गर्दै अन्य क्षेत्रमा जस्तै तराईका क्षेत्रबाट पनि अधिक संख्यामा प्रतिभावान् खेलाडी उत्पादन गर्ने योजना अघि सारेको उनको भनाइ छ ।

अध्यक्ष शेर्पाले केही समयअघि एक अनलाइनमा अन्तर्वार्ताका क्रममा तराई मधेशका जनतामा राष्ट्रियताको भावना कम भएकाले उनीहरुलाई फुटबलको माध्यमबाट राष्ट्रियता सिकाउन जरुरी रहेको बताएपछि विवादमा तानिएका थिए ।

नेपाल आर्मीसँगको सहकार्यमा तराईका सप्तरी, सिरहा, धनुषा र महोत्तरीमा ग्रासरुट फुटबल सुरु गरेको बताउँदै अध्यक्ष शेर्पाले तराईका बच्चाहरुलाई फुटबलप्रति आकर्षण गर्नका लागि र राष्ट्रियता सिकाउनका लागि गरिएको बताएका थिए । फुटबल सिक्नका लागि ब्यारेकमा आउँदा राष्ट्रिय गीत सिक्ने, नेपालको विषयमा चर्चा हुने र फुटबलको माध्यमबाट खेलाडी उत्पादन गर्न यस्तो गरिएको बताएका थिए ।

शेर्पाको अभिव्यक्ति विवादास्पद र बेठीक भएको भन्दै काठमाडौं, भक्तपुर, ललितपुर र धादिङ जिल्ला फुटबल संघले कारबाही गर्न प्रधानमन्त्री केपी शर्मा ओलीलाई पत्र पठाएका थिए । त्यसअघि पनि संघीय संसद्को प्रतिनिधिसभाको बैठकमा सांसद विमल प्रसाद श्रीवास्तवले शेर्पालाई कारबाही गर्न माग गरेका थिए ।

## विदेशबाट आउनेलाई प्रदेश २ का लागि हेरिटेज पार्टी प्यालेसमा राखिने

काठमाडौं । भौतिक पूर्वाधार तथा यातायात एवं सहरी विकास मन्त्री वसन्तकुमार नेम्बाङले विदेशबाट फर्काइने नागरिकलाई राख्न तयार गरिएका होल्डिङ सेन्टरको निरीक्षण गरेका छन् । कोरोना रोकथाम तथा नियन्त्रणका लागि प्रदेश १ संग समन्वय गर्ने समेत जिम्मेवारीमा रहेका नेम्बाङले प्रदेश १ र प्रदेश २ का लागि भक्तपुरमा व्यवस्थापन गरिएका होल्डिङ सेन्टर निरीक्षण गरेका हुन् ।

कोरोना संक्रमण व्यवस्थापन जिल्ला समन्वय समिति भक्तपुरले आयोजना गरेको होल्डिङ सेन्टर क्षेत्र व्यवस्थापन बिफ्रिङ कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री नेम्बाङले बनेका योजनाहरु सही रुपमा कार्यान्वयन भए महामारी न्यूनिकरण गर्न सकिने बताएका थिए ।

जिल्ला समन्वय समिति भक्तपुर र नेपाली सेनाले प्रदेश १ का लागि सूर्यविनायक नगरपालिका ५ स्थित इम्पेरिअल बैन्क्वेट् र प्रदेश २ का लागि मध्यपुरठिमी नगरपालिका ४ स्थित होटल हेरिटेज पार्टी प्यालेसलाई होल्डिङ सेन्टरको रुपमा व्यवस्थापन गरेका छन् । दुवै होल्डिङ सेन्टर एकD एक हजार क्षमता रहेको भक्तपुरकी प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले बताइन् ।

सरकारले विदेशबाट फर्किनै पर्ने अवस्थामा रहेका नेपलाी नागरिकलाई ती सेन्टरमा राखेर आवश्यक प्रक्रिया पुऱ्याई क्वारेन्टिन पठाउने तयारी गरेको छ । विदेशबाट आएका नागरिकलाई नेपाली सेनाको व्यवस्थापनमा त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सिधै विभिन्न स्थानमा तोकिएका होल्डिङ सेन्टरमा लगिने छ । त्यहाँ उनीहरुको पालिकाअनुसार विवरण, स्वास्थ्य स्थिति लगायतको व्यक्तिगत विवरण तयार पारिनेछ ।

## नेपाल भारत सीमाका २० नाकालाई प्रवेश बिन्दु तोकियो

काठमाडौं । सरकारले कोभिड-१९ को विश्वव्यापी सङ्क्रमणका कारणबाट उत्पन्न असहज परिस्थितिमा भारतबाट स्थल मार्ग हुँदै स्वदेश फर्कने क्रममा रहेका नागरिकलाई नेपाल-भारत सीमाका २० नाकालाई प्रवेश विन्दु तोकेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार इलाम-पशुपतिनगर, झापा-काँकडभिट्टा, मोरङ-रानी, सप्तरी-कुनौली, सिरहा-ठाडी र माडर, महोत्तरी-भिट्टामोड, सर्लाही-मलङ्गवा, रौतहट-गौर, पर्सा-वीरगञ्ज, नवलपरासी-महेश्वपुर, रुपन्देही-वेवहिया तथा कपिलवस्तु-तौलिहवा र कृष्णनगरलाई प्रवेश विन्दु तोकिएको छ । यस्तै बाँके-खजुरा, बर्दिया-सुरजपुर र गुलरिया, कैलाली-गौरीफन्टा, कञ्चनपुर-गड्डाचौकी, बैतडी- झुलाघाट र दार्चुलाको- दार्चुलालाई प्रवेश विन्दु नाका तोक्ने निर्णय गरेको हो । कोभिड-१९ को महामारी जोखिम बढ्दै गएको अवस्थामा स्वदेश फर्कनेको सहज व्यवस्थापन, रोग नियन्त्रण र बिरामी पहिचान गर्न सकियोस् भन्ने हेतु सरकारले उक्त व्यवस्था गरेको हो । भारतबाहेकका देशबाट भने काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भएर स्वदेश फर्कनेछन् । अन्तर्राष्ट्रिय उडान बन्द रहेकाले हवाई मार्ग भएर स्वदेश फर्कने क्रम अहिले ठप्प छ । विदेशमा रहेका केही नेपालीलाई प्राथमिकीकरण पहिलो चरणमा नेपाल ल्याउन सरकारले गृहकार्य गरिरहेको छ । रोजगारी, अध्ययन र उपचारका लागि भारतका विभिन्न क्षेत्रमा रहेका नेपाली नागरिक कोभिड-१९ कारण लकडाउन भएपछि पनि ठूलो सङ्ख्यामा स्वदेश फर्कने क्रम जारी रहेको छ । लकडाउनका कारण उनीहरु रोजगारी गुमाएर तथा विद्यालय बन्द भएपछि जन्मभूमि फर्केका हुन् । स्वदेश फर्कने क्रममा धेरै दुःख, कष्ट र हण्डर खेप्न तथा दुर्व्यवहार भोग्नु परेको तथा कयौं दिन भोकभोकै पैदल यात्र गरी नेपाल-भारत सीमा क्षेत्रमा आइपुग्न सफल भएको स्वदेश फर्किएका केही नेपालीले प्रतिक्रिया दिइरहेका छन् ।


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासायनिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

सम्पर्क नं. : ०१५२२३५०

इमेल : malcprovince2@gmail.com


## सगरमाथामा एकपक्षीय गतिविधि रोक्न माग

काठमाडौं । नेपाली कांग्रेसका सांसद अभिशेक प्रताप साहले चीनले सगरमाथामा गरिरहेको गतिविधिबारे प्रश्न उठाएका छन् ।सोमबार बसेको प्रतिनिधि सभाको बैठकको शून्य समयमा बोल्दै सांसद साहले सगरमाथामा चीनको गतिविधिबारे नेपाललाई थाहा हुनुपर्ने बताए । 'मे २० मा सथरमाथाको उचाइ नाप्न नेपालको समन्वयमा टोली पठाएको हो की होइन?', उनले सोधे, 'जिनुहुवा कल्चर एण्ड ट्राभल्स' जुन चीनको आधिकारिक पेज हो । त्यसले के देखाउँछ भने सगरमाथामा अथवा उनीहरुको भाषामा माउन्ट चोमोलाङ्मा नाप्न सर्भे टिम पठाएको छ । त्यो सर्भे टिम नेपालसँगको समन्वयमा पठाएको हो की?' सांसद साहले चीनले सगरमाथा आधार शिविरमा फाइभ जी नेट्वर्क राखेको बारेमा पनि प्रश्न गर । '२७ मे मा अफिसियल चाइना सिन्ह्वा न्यूजले त्यहाँ चिनियाँहरु गएर फाइभ जी टावर पनि लगाएको छ', उनले भने, 'नेपाल र चीनको संयुक्त निर्णयपछि मात्रै त्यहाँ सर्भे टिम पठाउनु पर्छ । यसरी एकपक्षीय गतिविधि हुनु राम्रो होइन ।'

## कालापानीबाट सुरक्षा फौज फिर्ता हुनुपर्छः परराष्ट्र मन्त्री ज्ञवाली

काठमाडौं । परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले भारतलाई नेपालसँग भएको सुगौली सन्धिको सम्मान गर्दै नेपाली भूमि कालापानीबाट उसको सुरक्षा फौज फिर्ता गर्न आग्रह गरेका छन् । भारतीय सञ्चार माध्यम द हिन्दूलाई दिएको एक अन्तरवार्तामा उनले सो कुरा बताएका हुन् । ज्ञवालीले नेपाल र भारतबीच बल्झिँदै गएको सीमा समस्या छिटै समाधान गर्न सो क्षेत्रमा यथास्थितिको अवस्था सिर्जना गर्नुपर्ने र त्यसका लागि सबैभन्दा पहिले भारतले त्यहाँ तैनाथ गरेको सुरक्षा फौज फिर्ता गर्नुपर्ने बताएका छन् । 'भारतले (सुगौली) सन्धिको भावनाअनुरुप अक्षरशः सम्मान गरोस् भन्ने हामी चाहन्छौं । त्यसो गर्ने सबैभन्दा उपयुक्त बाटो भनेकै भारतले कालापानीमा तैनाथ गरेका सुरक्षा फौज फिर्ता गर्ने र सो भूमि नेपाललाई फिर्ता गर्ने नै हो,' ज्ञवालीले द हिन्दूलाई दिएको अन्तरवार्तामा भनेका छन्, 'हामीले त नेपालको भूमिमा सडक निर्माण जस्ता एकपक्षीय काम गरिनु हुँदैनथ्यो र यो कुरा संवादबाटै जतिसक्दो छिटो सुल्झाउनुपर्छ भनेर भनिरह्यौं ।' उनले नेपालले सो विषय टुंग्याउनका लागि सचिवस्तरीय बैठक गरौं भनी भनिरहँदा पनि त्यसो हुन नसकेको बताएका छन् । उनले नेपाल-भारतबीचको अत्यन्त गहन सम्बन्धप्रति गौरव हुँदाहुँदै पनि भारतले गत नोभेम्बरमा एकपक्षीय रुपमा नेपालको भूमि समेत समेटेर नक्शा जारी गरी नेपाललाई निराश पारेको बताएका छन् । त्यसले नेपाल र भारतबीच सन् १९९७ देखि नै यसबारे प्रधानमन्त्री तहमा भएका समझदारीलाई तोडेको समेत उनले बताएका छन् ।

## 'भारतसँग औपचारिक वार्ताको पर्खाइमा छौं'

काठमाडौं । परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले सीमा समस्याबारे भारतसँग औपचारिक वार्ताको मिति र मोडालिटी तय भइनसकेको बताएका छन् । भारतले नेपाली भूमि अतिक्रमण गरेर लिपुलेकमा सडक बनाएपछि नेपालले विरोध गरेको छ भने लिम्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्रलाई समेटेर नेपालको नयाँ राजनीतिक नक्सा बनाएको छ । भारतले यो नक्सा स्वीकार्य नहुने बताएको छ र कूटनीतिक संवादबाट समस्या सामाधान गर्न आग्रह गरेको छ । परराष्ट्रमन्त्री ज्ञवालीले पनि वार्ताबाटै समस्या समाधान गर्न सरकार पूर्ण प्रतिबद्ध रहेको बताएका छन् । संसदको राज्य व्यवस्था समितिको बैठकमा मन्त्री ज्ञवालीले भने, 'अहिले औपचारिक वार्ताको ठोस मिति र मोडालिटी तय भइसकेको छैन । हामी निरन्तर टचमा छौं ।' उनले भने, 'हामीले वार्ताको औपचारिक डेट (मिति)को प्रतीक्षा गरिरहेका छौं ।'

## नेपालसँगको सीमा विवादमा गम्भीर छौं : भारत

काठमाडौं । भारतले नेपालसँग देखिएको सीमा विवादबारे गम्भीर रहेको जनाएको छ । भारतीय विदेश मन्त्रालयका प्रवक्ता अनुराग श्रीवास्तवको तर्फबाट बिहीबार जारी गरिएको एक वक्तव्यमा नेपालसँग पछिल्लो समय देखिएको सीमा समस्याबारे भारतले गम्भीरतापूर्वक अनुगमन गरिरहेको उल्लेख गरेका छन् । 'नेपालसँग पछिल्लो समय देखिएको सीमा समस्या र विवादबारे भारत गम्भीर छ । सीमा मुद्दामा हालैका घटनाक्रमलाई लिएर हामी नेपालमा स्थितिको निगरानी गरिरहेका छौं', उनले वक्तव्यमा भनेका छन् । भारतीय विदेश मन्त्रालयले नेपालले पनि यस विषयलाई गम्भीरताको साथ लिइरहेको छ भन्ने विश्वास व्यक्त गरेको छ । 'हामीले पनि यस मामिलामा नेपालमा गम्भीरतापूर्वक विचार विमर्श भइरहेको कुरामा ध्यान दिइरहेका छौं', उनले भनेका छन् । भारतसँग नेपालको मित्रताको गहिरो सम्बन्ध रहेको जनाउँदै विदेश मन्त्रालयका प्रवक्ता श्रीवास्तवले नेपालसँगको सम्बन्ध सदियौंदेखिको रहेको उल्लेख गरेका छन् । नेपालसँगको ऐतिहासिक, सांस्कृतिक र मैत्रीपूर्ण सम्बन्धलाई भारतले ठूलो महत्त्व दिएको चर्चा पनि उनले गरेका छन् । 'केही वर्षयता हाम्रा सम्बन्धहरुमा विविधिता आएको छ। दुई देशबीचको सम्बन्धमा नयाँ आयामहरु थपिएका छन्', विदेश मन्त्रालयका प्रवक्ताले भनेका छन्, 'हामीबीचका विविधतायुक्त सम्बन्धले हाम्रो मित्रता झन् प्रगाढ भएको छ । द्विपक्षीय सहयोगका क्रममा कयौं संख्यामा ठूला परियोजनाहरु भारतको सहयोगमा अहिले कार्यान्वयन भइरहेका छन् ।' भारतले नेपालसँग सधैं विश्वासको वातावरण बनाउन चाहेको पनि उल्लेख गरेको छ । 'भारत आफ्ना छिमेकीसँग आपसी सहमतिका साथ विश्वासको वातावरण बनाएर अघि बढ्न चहान्छ, यसका लागि हामी सदैव खुला छौं', वक्तव्यमा भनिएको छ, 'यो एउटा निरन्तर चलिरहने प्रक्रिया हो । यसका लागि रचनात्मक र सकारात्मक प्रयासको आवश्यकता छ ।'

## एन्फा अध्यक्ष शेर्पालाई कारबाही गर्न माग

काठमाडौं। अखिल नेपाल फुटबल संघ एन्फाका अध्यक्ष कर्माछिरिङ शेर्पालाई कारबाही गर्न संसदमा माग गरिएको छ । एन्फा अध्यक्ष शेर्पाले तराई मधेशका नेपाली समाजमा विभेदको विजारोपण गरेको भन्दै उनलाई कारबाही गर्न एक सांसदले माग गरेका हुन् । प्रतिनिधिसभाको बैठकमा सांसद विमलप्रसाद श्रीवास्तवले एन्फा अध्यक्ष शेर्पाले गैरजिम्मेवार अभिव्यक्ति दिएको भन्दै उनलाई कारबाही गर्न माग गरेका हुन् । 'नेपाल फुटबल संघका अध्यक्ष कर्माछिरिङ शेर्पाले नेपाली समाजमा विभेदको विजारोपण गरेको बुझिएको छ' श्रीवास्तवले संसद बैठकमा भने, 'उहाँले मधेशीहरूलाई सेनाको माध्यम लगाएर राष्ट्रिय गान सिकाउँदैछु भनेर अभिव्यक्ति दिनुभएकाले त्यस्ता अभिव्यक्ति दिने ती जिम्मेवारी व्यक्तिलाई छानविन गरी आवश्यक कारबाही होस् ।' डरविन नेपालले लकडाउनमा नेपाली फुटबल, अबको योजना लगायतका विषयमा गरेको संवादमा एन्फा अध्यक्ष शेर्पाले आफूहरूले नेपाल आर्मीसँगको सहकार्यमा तराईका चार जिल्ला सप्तरी, सिराहा, धनुषा महोत्तरीमा ग्रास रुटको कार्यक्रम सुरु गरेको बताएका थिए । उनले ग्रास रुटको कार्यक्रम दुईवटा कारणले सुरु गरेको बताएका थिए । 'तराईको बच्चाहरूलाई फुटबलप्रतिको आकर्षण बढाउन र राष्ट्रियता सिकाउनका लागि ग्रास रुट कार्यक्रम सुरु गरेका छौं । किनकि तराईतिर जाँदाखेरि राष्ट्रियताको फिलिङ अलिकता कम छ, उक्त सम्वादमा शेर्पाले भनेका थिए–'नेपाल आर्मीसँग ग्रास रुटको कार्यक्रम प्रशिक्षण लिंदा आर्मीको ब्यारेकमा आउँदाखेरि कम्तीमा राष्ट्रिय गीतहरू गाउने, नेपालको विषयमा चर्चा हुने र फुटबलका खेलाडीहरू उत्पादन गर्ने हिसाबले यो कार्यक्रम हामीले यो कार्यक्रम सुरु गरेका हौं ।'

## विश्व परिवेश

# चीनविरुद्ध चार ठूला देश खडा भए

काठमाडौं । कोरोना भाइरसको संक्रमणको विषयलाई लिएर चीनसंग विश्वका चार ठूला राष्ट्रहरु रिसाएका छन् । कोरोनामा चीनको भूमिकालाई लिएर ती राष्ट्रहरु रिसाएका हुन् । उनीहरुले चीनसंग कोरोनाको अन्तर्राष्ट्रिय जाँचको माग गरिसकेका छन् ।

अब हङकङमा नयाँ सुरक्षा कानुन ल्याउने चीनको कोशिसलाई लिएर त्यसको विरुद्धमा ठूला राष्ट्रहरु एक जुट भएका हुन् । र अमेरिका, बेलायत, अष्ट्रेलिया र क्यानाडाले संयुक्तरुपमा बयान जारी गर्दै चीनको आलोचना गरेका हुन् । हङकङमा नयाँ सुरक्षा कानुन सन् १९८४ को बेलायत-चीन संझौताको उल्लंघन भएको भन्दै चार देशले हङकङको स्वतन्त्रताप्रति खतरा पैदा भएको आरोप लगाएका छन् ।



सन् १९९७ सम्म बेलायतको उपनिवेश रहेको हङकङ त्यसपछि 'एक देश दुई नीति' मा चल्ने गरी चीनलाई सुम्पिएको थियो । तर उसले राजनीतिक र कानुनी स्वायत्तता पनि लिएको थियो । हाल भने चीनले राष्ट्रिय सुरक्षा कानुन मार्फत हङकङको स्वतन्त्र कानुनी व्यवस्था गर्न चाहन्छ ।

हङकङका अपराधीलाई चीनमा सुपुर्दगी गर्ने कानुनको विरोधमा कयौं महिनादेखि विरोध प्रदर्शन भइरहेको छ । विश्वभरमा चिनियाँ यो गतिविधिको विरोध भइरहँदा पनि चीनले भने शहरमा अपराध, आतंकवाद र विदेशी तागतको हस्तक्षेप रोक्ने उद्देश्यले यो कानुन ल्याउन लागिएको दावी गरिएको छ ।

चार देशले बेइजिङको कदममाथि चिन्ता जताउँदै हङकङ आफनो स्वतन्त्र पहिचानसहित रहने भन्दै नयाँ कानुनले हङकङका मानिसको स्वतन्त्रता कम हुने र हङकङको स्वायत्तता र समृद्ध बनाउने पूरै व्यवस्था तहसनहस हुने पनि बताएको छ । यसको विरोध हङकङमा त भएको छ नै विश्वका स्वतन्त्र चाहने राष्ट्रहरु लगभग एक हुने निश्चित प्रायः छ ।

## गरिब, किसान, महिला र युवाको सशक्तिकरण प्राथमिकतामाः मोदी

नयाँ दिल्ली । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले वितेको एक वर्ष गरिब, किसान, महिला र युवाको शसक्तिकरणलाई प्राथमिकतामा राखिएको बताएका छन् । प्रधानमन्त्रीका रुपमा दोस्रो कार्यकाल शुरु गरेको एक वर्ष पुगेको अवसरमा अडियो सन्देश जारी गर्दै प्रधानमन्त्री मोदीले उनीहरुको सशक्तिकरणबाट नै मुलुकलाई सशक्त बनाउन सकिने उल्लेख गरेका छन् । मोदीले एनडीए नेतृत्वको केन्द्रिय सरकार गठन गरेर दोस्रो कार्यकाल शुरु गरेको एक बर्ष पुरा भएको छ । गत वर्ष भएको लोकसभा निर्वाचनमा जनताले मुलुकलाई नयाँ उचाइमा पुऱ्याउने सपना देखेर मतदान गरेको पनि मोदीले अडियो सन्देशमा स्मरण गरेका छन् । 'त्यसैले हामीले यस वर्ष गरिब, किसान, महिला र युवालाई सशक्तिकरण गर्ने कुरालाई प्राथमिकतामा राख्यौँ,' उनले भने । उनले नागरिकका नाममा पत्र समेत लेख्दै गत एक वर्षमा सरकारले गरेका कामहरुको सूची पनि सार्वजनिक गरेका छन् । सूचीमा उनले आफुहरुको प्रयास, उपलब्धि, ठूला ठूला निर्णयहरुलगायत पनि समेटेको जनाइएको छ । कोरोनाभाइरसको सङ्क्रमण फैलिइरहेको र देशभरी लकडाउन लागु गर्नु परेको अवस्थामा समेत सरकारले प्रभावकारी कामहरु गरेको प्रधानमन्त्री मोदीको दाबी छ । उनले जम्मु कश्मिरलाई केन्द्रीय प्रशासनअन्तर्गत ल्याएको, अयोध्या सम्वन्धी आदेश आएको, नागरिकता सम्वन्धी नयाँ व्यवस्था गरिएको लगायतका विषयलाई मुख्य कार्यको रुपमा उल्लेख गरेका छन् । त्यसैगरी देशको विकास र राष्ट्रिय एकताका लागि धेरै कामहरु भएको पनि प्रधानमन्त्री मोदीले पत्रमा लेखेका छन् । उनले किसानहरुलाई सम्मान र प्रेरणा प्रदान गर्न आफुले प्रधानमन्त्री किसान सम्मान निधि शुरु गरेको पनि चर्चा गरेका छन् ।

## जासुसीको आरोपमा दुई पाकिस्तानी अधिकारीलाई भारतद्वारा देश निकाला

नयाँदिल्ली । पाकिस्तानका दुई कूटनीतिक अधिकारीले जासुसी गरेको आरोप लगाउँदै भारतले उनीहरूलाई देशबाट निष्कासित गर्ने घोषणा गरेको छ । विदेश मन्त्रालयले दिल्लीस्थित पाकिस्तानको उच्च आयुक्तको कार्यालयमा कार्यरत ती दुई अधिकारी जासुसीसम्बन्धी गतिविधिमा संलग्न भएको आरोप लगाएको हो । एउटा विज्ञप्तिमार्फत् त्यस्तो बताएको दिल्लीले थप विवरण भने दिएको छैन । बीबीसी संवाददाता रोरी ग्यालीमोरले भने, 'एउटा संक्षिप्त विज्ञप्तीमा भारतको विदेश मन्त्रालयले पाकिस्तानका दुई अधिकारीले कूटनीतिक हैसियत अनुसार नमिल्ने व्यवहार गरेको जनाएको छ ।' ती कूटनीतिक अधिकारीहरूले २४ घण्टाभित्र भारत छोड्नुपर्नेछ । पाकिस्तानले भने प्रतिक्रियामा भारतको त्यस्तो घोषणालाई कूटनीतिक अधिकारीहरूमाथिको यातना र अवरोध भन्दै आलोचना गरेको छ ।

## मोदीको बाल्यकालदेखिका तस्वीरसहितको पुस्तक सार्वजनिक

नयाँदिल्ली । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको अर्को जीवनचित्र सार्वजनिक गरिएको छ । उनको बाल्यकालदेखिका तस्वीरहरुको संग्रहसहितको जीवनचित्र पुस्तक सार्वजनिक गरिएको हो । उनले भारतको प्रधानमन्त्रीका रुपमा दोस्रो कार्यकालको पहिलो बर्ष पुरा गरेको दिन पारेर पूर्व प्रधानन्यायाधीश के जी बालकृष्णन् मार्फत् यो पुस्तक सार्वजनिक गरिएको हो । कोरोनाभाइरसको सङ्क्रमण फैलिने डर भएपछि भारतमा देशभरी लकडाउन लागु गरिएकाले अनलाईन मार्फत् सार्वजनिकीकरण कार्यक्रम गरिएको थियो । पुस्तकमा मोटो गाता र इ–बुक गरी दुई स्वरुपमा उपलब्ध छ भने २० ओटा भाषामा बनाइएको छ । तीमध्ये दश ओटा विदेशी भाषा र दश ओटा भारत भित्रका भाषा रहेका छन् । लेखकले दिएको जानकारी अनुसार पुस्तक प्रकाशित भएका विदेशी दश भाषामा अंग्रेजी, अरबी, डच, फ्रान्सेली, इटालेली, जापानी, मन्डारिन, रुसी र स्पेनी रहेका छन् ।

## चिनियाँ सेनासँग मुकाबिला गर्न भारतद्वारा लद्दाखमा गोर्खा सैनिक परिचालन

भारतले चीनसँग सीमा विवाद बढ्दै जाँदा निरन्तर झडप भइरहेको लद्दाख क्षेत्रमा गोर्खा सैनिक परिचालन गरेको पाइएको छ । सामाजिक सञ्जालमा भाइरल बनेको एक भिडियोमा 'गोर्खा पल्टन'का सैनिकले नेपाली भाषामा चिनियाँ सैनिकलाई गाली गरेको प्रष्टसँग सुन्न सकिन्छ । सार्वजनिक भएको सो भिडियोमा चिनियाँ सेनाको एउटा गाडी भारतीय सेनाले निणन्त्रण गरेको देखिन्छ । भारतीय सेनाका अवकाश प्राप्त मेजर जनरल अशोक मेहताले चीनको सीमामा आइपीबीपी (इन्डो-तिब्बत बोर्डर पुलिस) मात्र परिचालन गर्ने नीति नभएको उल्लेख गर्दै चिनियाँ सीमामा गोर्खा पल्टन परिचालन गरिएको हुनसक्ने बताए । मेहताले लद्दाख क्षेत्रमा गोर्खा पल्टनको ब्यारेक भएको पनि खुलाए ।

गोर्खा पल्टनको पूर्व कमान्डर तथा नेपाल मामिलाका जानकार समेत रहेका मेहताले थपे, 'चीन र भारतबीच भर्खरै सीमा विवाद भएको लद्दाखको पाङ्गोङ ताल र गलवान घाटी आसपासमा गोर्खा पल्टन परिचालन भएको हुनसक्छ ।' चीनसँग तनाव बढ्दै गएपछि भारतले कस्मिर क्षेत्रबाट कयौं ट्रक सैनिक, हतियार र बन्दोबस्तीको सामान लद्दाख क्षेत्रमा ओसारिरहेको छ । चीन र पाकिस्तानबीच हुने गरेका युद्धहरुमा भारतले गोर्खा पल्टनलाई 'फ्रन्ट लाइन'मा परिचालन गर्ने गरेको छ ।

सन् १९६२ मा गोर्खाली पल्टनले भारतको पक्षबाट चीनसँग युद्ध लडेको थियो । भुटान र चीनको सीमानजिकै दोक्लममा सन् २०१७ मा चिनियाँ र भारतीय सेना ७३ दिनसम्म आमनेसामने हुँदा पनि भारतले गोर्खा पल्टन परिचालन गरेको थियो ।

लागू औषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुादा यस्ता पदार्थ देखि टाढा रहौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## जिल्ला समाचार

### जातीय भेद्भावका कारण भएको हत्याको विरुद्धमा पूर्वबाट आन्दोलन उठाउने तयारी

बिर्तामोड । पश्चिम रुकुममा जातीय भेद्भावका कारण भएको हत्याको विरुद्धमा पूर्वबाट आन्दोलन उठाउने तयारी भएको छ । त्यसका लागि झापामा सबै राजनीतिक दल संबद्ध दलित संघ संगठन, दलित अधिकारकर्मी, संघ संस्था र विभिन्न सार्वजनिक निकाय एकजुट भएको नेकपाका युवा नेता टिकाराम मंग्रातीले जानकारी दिए । उनले रुकुममा नवराज विक सहित अन्य ६ जनाको हत्याको विरोध र दोषीमाथि कारवाहीको माग गर्न व्यापाक आन्दोलनको तयारी गरेको बताए । शनिवार संबद्ध सरोकारवाला बिच बिर्तामोडमा भएको छलफलले संयुक्त राजनीतिक दलित संघर्ष समिति बनाइएको छ । नेपाल कम्युनिष्ट पार्टी झापाका सचिवालय सदस्य एवम् युवा नेता हुकुमसिंह नेपालीको संयोजकत्वमा संघर्ष समिति बनेको छ । समितिको सहसंयोजकमा भोला परियार, सुरेश बराइली, दल बहादुर विश्वकर्मा, गोपाल गजमेर , सचिव छविलाल विश्वकर्मा, सदस्यहरुमा वीर बहादुर दर्नाल, रञ्जित परियार, हर्कमाया विक, निरु परियार, निता घतानी , हरि नेपाली, सागर पोर्तेल, लक्ष्मी मोते, तिलक गजमेर, अशोक राम लगायत गरी ३५ सदस्यीय संघर्ष समिति बनाइएको छ । सो संघर्ष समितिले आन्दोलनका कार्यक्रम तयार गरीअघि बढ्ने संयोजक हुकुमसिंह नेपालीले जानकारी दिए । जातीय भेदभावको घटना साझा मुद्दा भएकाले आन्दोलनमा सबैको सहभागिता गराउने उनको भनाई छ ।

### व्यापारीमाथि प्रहरीद्वारा निर्घात कुटपिट

जनकपुरधाम । लकडाउन उल्लंघन गरी पसल खोलेको भन्दै जनकपुरधाममा एक व्यापारीलाई प्रहरीले निर्घात कुटपिट गरेको छ । बिहीबार जनकपुरधामको जानकी मंदिरदेखि जनकचौक जाने बाटोमा गिता गिफट हाउसको संचालक श्याम चौधरी तथा उनको वुवा झगरु चौधरी माथि प्रहरीले दुर्व्यवहार गर्दै कुटपिट गरेको एक प्रत्यक्षदर्शीले बताएका छन् । यता, जनकपुरधाम उद्योग वाणिज्य संघले दुर्व्यवहार तथा कुटपिट गर्ने प्रहरीलाई कडाभन्दा कडा कारबाही गर्न माग गरेको छ । 'संचालक तथा वहांको बुवालाई निर्घात कुटपिट गरी अमानविय व्यहवार गरेको घटना प्रति जनकपुरधाम उद्योग वाणिज्य संघ परिवार दुख व्यक्त गर्दै घटनाको घोर भर्तस्ना गर्दै दोषी प्रहरी माथि अविलम्ब कडा भन्दा कडा करवाहीका लागि सम्बन्धीत निकायसँग जोडदार माग गर्दछौ ।' वाणिज्य संघले विज्ञप्तिमा भनेको छ । साथै बन्दाबन्दीको ७२ औ दिन भईसक्दा पनि उद्योगी व्यवसायीले धैर्यताका साथ बन्दाबन्दीको पालना गरि रहेको अवस्थामा यस्ता घटनाहरु नहुन दिन दुवै पक्षलाई संययता अपनाउन संघले अपिलसमेत गरेको छ ।

### सामान्य विवादमा झडप हुँदा ९ जना घाईते

इमरान खान, कपिलवस्तु । कपिलवस्तु जिल्लाको मायादेवी गाउँपालिका वडा नं.३ डुमरियामा भैंसी र नालीको सामान्य विवादमा झडप हुँदा ९ जना गम्भीर घाइते भएका छन् । घाइतेहरुले जिल्ला प्रहरी कार्यालय कपिलवस्तुमा उजुरी दिँदा हालसम्म उजुरी दर्ता नभएको स्थानीयहरुले गुनासो पोखेका छन् । जेठ ९ गते भएको उक्त घटनाको अहिलेसम्म प्रहरी प्रशासनबाट कुनै किसिमको सुनुवाई नभएको कुरा गम्भीर घाइतेहरुमध्ये वीरेन्द्र यादवले बताए । आफूहरुलाई राममिलन पासी, हरिराम पासी,छविलाल पासी, तिरथ पासी, रामनेवास पासी, रामदिन पासी मिलेर लठ्ठी, ढुंगा र धारिलो हतियारको समेत प्रयोग गरि घाइते बनाएको कुरा पनि उनले बताए । गाउँमा पासी परिवारको बाहुल्यता धेरै रहेकोले कहिलेकाहीँ उनीहरुको यस्तै ज्यादती खेपिरहनु पर्ने कुरा समेत उनले बताए । गाँउका सबै जना मिलेर आफूहरुमाथि आक्रमण गरेको भनेर दोषीहरुले उल्टै विभिन्न ठाउँमा निवेदन दिएको कुरा अर्का गम्भीर चोटपटक लागेका व्यक्ति सुख्खु मुसलमानले बताए । दोषीहरु विरुद्ध जेठ १५ गते नेपाल राष्ट्रिय महिला आयोग, नेपाल राष्ट्रिय मुस्लिम आयोग र नेपाल राष्ट्रिय दलित आयोगमा निवेदन दर्ता भैसकेको हो । लकडाउन छ पैसा छैन कहि कतैबाट पनि पैसाको स्रोत छैन औषधी कसरी गराउने भनेर गम्भीर घाइते भएकी जोहरा खातुनले दुःख पोखेकी छिन् । दोषीहरुको बिरुद्ध ज्यान मार्ने उदयोग मुद्दा दर्ता गर्न पटक(पटक जिल्ला प्रहरी कार्यालय कपिलवस्तुमा उजुरी दर्ता गर्न जाँदा जिल्ला प्रहरी कार्यालय कपिलवस्तुले कुनै पनि वास्ता नगरी मुद्दासम्म दर्ता नगरेको पीडित पक्षले बताए ।

### कोदालो हत्या गरेको अभियोगमा पक्राउ

कपिलवस्तु । कपिलवस्तुनगरपालिका-९ हर्नामपुर बस्ने ४५ वर्षीय श्यामनाथ तिवारीलाई कोदालो प्रहार गरी हत्या गरेको अभियोगमा बाणगंगा नगरपालिका-५ कोपुवा बस्ने ४८ वर्षीय रामलौटन चौधरीलाई मंगलबार राति प्रहरीले पक्राउ गरेको छ । सामान्य बिवाद कारणचौधरीले कोदालो प्रहार गर्दा तिवारीको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय पिपरा र अस्थायी प्रहरी पोष्ट जहदीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### लुकाई छिपाई राखेको विभिन्न किसिमको औषधी र मास्क बरामद

मोरङ । बिराटनगर महानगरपालिका-१६ बस्ने सिता तामाङको घरमा लुकाई छिपाई राखेको करिब ८ लाख २८ हजार ९ सय ९५ मूल्य बराबरको विभिन्न किसिमको औषधी र मास्क मंगलबार दिउँसो प्रहरीले बरामद गरेको छ । निजको घरमा औषधी र मास्क लुकाई राखेको भन्ने सूचनाको आधारमा १ नम्बर प्रदेश प्रहरी कार्यलय बिराटनगर र ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरीले तलासी गर्दा उक्त मूल्य बराबरको औषधी र मास्क फेला पारेको हो ।

### करेन्ट लागेर युवकको मृत्यु

कैलाली । जोशीपुरगाउँपालिका-४ बस्ने अन्दाजी ३६ वर्षीय शेष कुमार चौधरीको करेन्ट लागेर मंगलबार राति मृत्यु भएको छ । जानकी गाउँपालिका-७ बेलपुरस्थित सडकमासे.१ त१९३५ नम्बरको ट्याक्टरमा मिक्स्चर मेसिन जोडी लगिरहेको अवस्थामा अचानक उक्तमेसिन विजुलीको मेन लाईनमा छुन गई करेन्ट लाग्दा ट्याक्टरमा सवारचौधरीबेहोस भएपछिउपचारको लागि टिकापुर अस्पताल लगिएकोमा उपचारको क्रममा उनको मृत्यु भएको हो । ट्याक्टर र चालकलाई नियन्त्रणमा लिई यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### २७ कोरोना संक्रमित निको भई डिस्चार्ज

विराटनगर । कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्रबाट मंगलबार थप २७ जनाले कोरोना जितेर डिस्चार्ज भएका छन् । कोभिड १९ उपचार केन्द्रमा उपचाररत ४१ मध्ये २७ जनाले एकै पटक कोरोना जितेको कोशी अस्पताल विराटनगरकी मेडिकल सुपरीटेण्डेन्ट डाक्टर संगीता मिश्राले जानकारी दिईन । कोरोनामुक्त भएका मध्ये उदयपुरका ३, झापाका ७, मोरङका ६, सुनसरीका ४, सप्तरीका २ ,धनकुटाका ४, खोटाङका १ गरी जम्मा २७ जना डिस्चार्ज भएका छन् । उनीहरु मध्ये ४ जनामहिला र २३ जना पुरुष छन । कोशी अस्पताल कोभिड १९ उपचार केन्द्रका डाक्टर दीपक सिग्देलका अनुसार ३० जनाको परीक्षण गरिएको थियो । यो सँगै प्रदेश १ मा कोरोनामुक्त हुनेको संख्या ७५ पुगेको छ । यसअघि विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानबाट १८ जना र विराटनगरबाट ३० जनाले कोरोना जितेका थिए । प्रदेश १ मा कोरोना संक्रमितको संख्या १८५ छ ।

### सामाजिक दुरी कायम गर्दै बजार खुलाइने

धनगढी । धनगढीमा सामाजिक दुरी कायम गरी बिहान ११ बजेसम्म पसल खोल्न पाइने भएको छ । धनगढीका व्यवसायीले लकडाउन अवज्ञा गर्ने चेतावनी दिएपछि स्थानीय प्रशासनले बिहान ११ बजेसम्म बजार खोल्न दिने भएको छ । प्रमुख जिल्ला अधिकारी यज्ञराज बोहराले क्रेता र बिक्रेताबीच सामाजिक दूरी र मास्क प्रयोगलाई अनिवार्य गरी बिहान ७ देखि ११ बजेसम्म बजार खोल्न दिइने बताए । मंगलबार प्रमुख जिल्ला अधिकारीलाई बुझाएको ज्ञापन पत्रमा व्यवसायीले लकडाउन अवज्ञा गर्दै सम्पूर्ण बजार खोल्ने चेतावनी दिएका थिए । बुधबार स्थानीय प्रशासनले उद्योग वाणिज्य संघ, स्थानीय तहलाई छलफलमा बोलाएको थियो । कैलाली उद्योग संघका अध्यक्ष पुष्पराज कुँवरले लकडाउनलाई खुकुलो पार्दै बिहीबारदेखि बिहान ११ बजेसम्म बजार खोल्न दिने स्थानीय प्रशासन, स्थानीय तह र व्यवसायीबीच भद्र सहमति भएको बताए । 'पहिलो चरणमा व्यवसायीले बिहान ११ बजेसम्म आफ्नो व्यापार र व्यवसाय सञ्चालन गर्न पाउने भए 'उनले भने,'लकडाउनलाई खुकुलो पार्दै जानु पर्छ भन्ने निजी क्षेत्रको भावना हो ।'उनले बुधबारको छलफल पश्चात् प्रशासनले लकडाउन खुकुलो पार्न तिर संकेत गरेको बताए ।

# पाकिस्तानको विमानस्थलमा लगानी गर्न कतार पछि हट्यो

इस्लामाबाद । कतार लगानी प्राधिकरण (क्यूआईए)ले पाकिस्तानको एयरपोर्टमा लगानी गर्न अस्वीकार गरेको छ । पाकिस्तानी अधिकारीहरुले २०१७ मा टुंगो लगाइएको मोडेलमा परिवर्तन गरेसँगै क्यूआईएले पाकिस्तानको एयरपोर्टमा लगानी गर्न इन्कार गरेको हो । पाकिस्तानका अधिकारीहरूले आफ्नो नियन्त्रण कायम रहने गरि पार्किङ, पसल, रेस्टुरेन्ट लगायतका सेवाहरुको मात्र आउटसोर्सीङ गर्न खोजेपछि क्यूआईएले एयरपोर्टमा गर्ने भनेको ठूलो लगानी रोकेको हो । २०१७ मा चर्चा गरिएको मोडेलमा परिवर्तन गरेसँगै कतार लगानी प्राधिकरणले विमानस्थलहरुमा लगानी गर्न इन्कार गरेको हो । क्यूआईएले पाकिस्तानको सरकारी स्वामित्वमा रहेको कम्पनीको शेयर किनी इस्लामाबाद विमानस्थल, जिन्ना अन्तर्राष्ट्रिय विमानस्थल, कराँची र अल्लामा इकबाल विमानस्थल, लाहोर जस्ता विमानस्थलहरूमा लगानी बृद्धी गरि स्वामित्व लिन चाहेको थियो ।

सरकारको स्वामित्वमा रहेको तीनवटा मुख्य एयरपोर्टको स्वामित्व एक सरकारी कम्पनी अन्तर्गत राखेर त्यस त्यस कम्पनीमा ३५ देखि ४० प्रतिशत रणनीतिक स्वामित्व लिन कतार लगानी प्राधिकरणले चाहेको थियो । नयाँ परिस्थितिमा कतार लगानी प्राधिकरण क्यूआईएले उक्त एयरपोर्टहरूको व्यावसायिक गतिविधिहरू आउटसोर्सिंगको सरकारको प्रस्तावमा कुनै चासो देखाएको छैन ।

द न्युजमा प्रकाशित समाचार अनुसार पाकिस्तानी प्रधानमन्त्री इमरान खानको कतार भ्रमणको क्रममा कतारका आमिरले पाकिस्तानको प्रमुख विमानस्थलहरूमा लगानी गर्ने इच्छा व्यक्त गरेका थिए । तर पाकिस्तानी प्रधानमन्त्रीले त्यसतर्फ आवश्यक प्रयास गरेनन् । केवल इस्लामाबादको एयरपोर्टमा आउटसोर्सिंगका लागि मात्र व्यावसायिक सहुलियतहरू प्रस्ताव गरिएको थियो । तर आउटसोर्सीङमा लागि पाकिस्तानी उड्डयन डिभिजनको नयाँ योजनामा कतार लगानी प्राधिकरणले चासो नदेखाएको द न्यूजमा उल्लेख छ ।

# आफ्नो भूमिमा ठूलो संख्यामा चिनिया सैनिक प्रवेश गरेको भारतद्वारा स्वीकार

नयाँ दिल्ली । भारतीय रक्षामन्त्री राजनाथ सिंहले आफूहरुले दाबी गर्दै आएको भूमिमा ठूलो संख्यामा चिनियाँ सेना प्रवेश गरेको स्वीकारेका छन् ।

गएको तीन सातादेखि लद्दाख क्षेत्रमा भारतीय र चिनियाँ सेनाबीच तनाव बढिरहेको खबर प्रकाशित भइरहेका थिए । तर, यसबारे औपचारिक रुपमा दुवै देशको नेतृत्वले केही बताएको थिएन ।

एक टेलिभिजन च्यानलसँगको अन्तर्वार्तामा सिंहले चिनियाँ सेनाले लाइन अफ एक्चुअल कन्ट्रोल (एलएसी) पार गरेपछि त्यसलाई रोक्न आफूहरुले आवश्यक कदम चालेको बताए । यद्यपि भारतले कस्तो कदम चालेको हो, त्यो उनले खुलाउन चाहेनन् । पछिल्लो समय लद्दाख क्षेत्रमा दुवै देशले सेना र हतियारको संख्या पनि बढाएका छन् ।

केही भारतीय सञ्चारमाध्यमले १९९९ मा कार्गिलमा पाकिस्तानले भारतनियन्त्रित भूमि कब्जा गरेजस्तै लद्दाखमा चीनले भूमि कब्जा गर्ने अवस्था उत्पन्न भएको रिपोर्ट समेत प्रकाशित गरेका थिए ।

# 'नेपालको कम्युनिस्टले भारतको सुरक्षा स्वार्थलाई खलल पुर्‍यायो'

काठमाडौं । नेपाल भारतबीच सीमा समस्या आइरहँदा भारतको सत्तारुढ भारतीय जनता पार्टी निकटस्थ सामरिक मामलाका जानकारहरुले नेपालको वर्तमान सरकारप्रति आक्रोश पोखेका छन् । भारतको मध्यदक्षिणपंक्ति धारको अनलाइन टीएफआइ पोष्टले नेपालका उपप्रधानमन्त्री तथा रक्षामन्त्री इश्वर पोखरेलले नेपाली सेनाले आवश्यक परे युद्ध पनि गर्ने भनेको भन्दै भारतसँगको पछिल्लो सिमा विवादलाई जोडेको छ । कालापानी, लिपुलेक र लिम्पियाधुरा समेटेर नेपालले नयाँ नक्शा सार्वजनिक गरेको विषय जोडेर नेपालको कम्युनिस्ट सत्ताले जर्बजस्ती भारतको सुरक्षा र सामरिक चासोलाई बेवास्ता गरेको टिप्पणी गरेको छ । 'नेपालले सिमा विवाद झिकेर भारतको सुरक्षा स्वार्थलाई खलल पुर्‍याएको, छ,' टीएफआइ पोष्टले लेखेको छ, 'कम्युनिस्ट सत्ताले जर्बजस्ती भारतको सुरक्षा र सामरिक चासोलाई बेवास्ता गरेको छ ।' विभिन्न टिप्पणी र घटनाक्रम केलाउँदा भारतमा एउटा पक्ष कम्युनिस्ट सरकारसँग वार्ता गरेर सम्बन्ध पुर्नस्थापित गर्नुपर्नेमा जोड दिएका छन् । अर्को पक्ष भने आक्रामक कुटनीतिमा जोड दिइएको छ । विशेषगरी कम्युनिस्ट सत्ताप्रति निकै कडा नीति लिनुपर्ने पक्षमा छ । भारतभित्र नेपालमा नयाँ नक्शा जारी गरेपछि नेपाल मामलामा चलिरहेको बहस नियाल्दा कठोर कुटनीति अबलम्बन गर्न सक्ने सम्भावना बलियो भएर गएको छ ।

## 'नेपालले नयाँ नक्सा जारी गर्नुमा बाहिरी हात छ'

नयाँ दिल्ली । भारतीय रक्षामन्त्री राजनाथ सिंहले सीमाबारे नेपालले चालेका पछिल्लो कदमको पछाडि कसै न कसैको हात रहेको आरोप लगाएका छन् । जेठ महिनाको सुरुमा भारतीय सेनाध्यक्ष एमएम नरवणेले नेपालले अर्को मुलुकको आदेशमा सीमासम्बन्धी असन्तुष्टि प्रकट गरेको आरोप लगाएका थिए। उनको भनाइको भारतमा समेत विरोध भएको थियो । भारतीय टिभी च्यानल जी न्युजसँगको अन्तर्वार्तामा सिंहले नेपालले चालेका पछिल्ला कदममा 'कसै न कसैको हात रहेको' टिप्पणी गरेका हुन् । 'नेपालसँग भारतको सदियौंदेखिको भावनात्मक सम्बन्ध छ, त्यसलाई भारत कुनै पनि हालतमा टुट्न दिने छैन । दुई देशको बीचमा कुनै असमझदारी उत्पन्न भए बसेर वार्ताद्वारा हल गर्ने भारतको प्रयास रहनेछ,' सिंहले भने, 'म कसैलाई आरोप लगाउन त सक्दिनँ तर केही न केही त छ कतैबाट । तर, म कसैलाई लान्छित गर्न चाहन्न । यति भन्न चाहन्छु नेपालसँग हाम्रो भावनात्मक सम्बन्ध छ ।'

# लिपुलेक विवाद वार्ताबाटै समाधान गर्नुपर्छ : भारतीय रक्षामन्त्री सिंह

काठमाडौं । भारतीय रक्षामन्त्री राजनाथ सिंहले लिपुलेकमा नेपालसँग उत्पन्न भएको सीमा विवाद वार्ताद्वारा नै समाधान गर्नुपर्ने बताएका छन् । भारतीय टेलिभिजन च्यानल आजतकसँगको अन्तर्वार्तामा रक्षामन्त्री सिंहले लिपुलेकलगायतका क्षेत्रको सीमा विवाद वार्ताद्वारा नै हल गरिने बताएका हुन् । सिंहले अन्तर्वार्तामा भने, 'लिपुलेकको विषयमा नेपालसँग केही समस्या उत्पन्न भएको छ । त्यसलाई दुवै देश वार्तामा बसेर नै हल गर्छौं ।' रक्षामन्त्री सिंहले नेपाल र भारतबीच पारिवारिक सम्बन्ध रहेको उल्लेख गर्दै सीमा विवाद वार्ताद्वारा सहजै हल हुने बताए । यसअघि गत वैशाख २६ गते भारतीय रक्षामन्त्री राजनाथ सिंहले नै नेपाली भूमि कालापानी, लिपुलेक हुँदै चीनको तिब्बतस्थित मानसरोवर जाने सडकमार्गको उद्घाटन गरेका थिए ।

# नेपालको जानकारी बिना सगरमाथमा चिनियाँ विमान

काठमाडौं । विश्वको सर्वोच्च शिखर सगरमाथाको आकाशमा चिनियाँ विमान उडेको छ । बी १०टिआरमा दर्ता भएको बिचक्राफ्ट बि ३०० सी कलसाइनको चिनियाँ विमान ३३,८०० फिटको उचाइमा उडेको थियो । एसिया न्युज नेटवर्कका अनुसार उक्त विमानले सगरमाथाको उचाई मापनका लागि आएको क्यालिब्रेसन उडान गरेको हो । कुनै पनि विदेशी विमान अर्को मुलुकको अनुमतिबिना सो मुलुकको हवाई क्षेत्रमा प्रवेश गर्न पाउँदैन । यस विमानको उडानका लागि नेपालको अनुमति थियो भन्ने विषयमा बुझ्दा आधिकारिक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का प्रवक्ता राजकुमार क्षेत्रीले भने यस विषयमा आफूलाई जानकारी नभएको बताए । त्यसैगरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयका प्रवक्ता देवचन्द्रलाल कर्णले पनि यस विषयमा जानकारी नरहेको बताए । यसअघि सगरमाथाको उचाई मापनका लागि २७ मार्च, २०२० मा चिनियाँ सर्भेयर टोली सगरमाथाको शिखरमा पुगेका थिए । त्यसैगरी सगरमाथको उचाई मापनकै लागि २२ मार्च, २०१९ मा नेपाली सर्भेयर टोली शिखरमा पुगेको थियो ।

# जी-७ सम्मेलनमा भाग लिन भारतीय प्रधानमन्त्री मोदीलाई निम्तो

काठमाडौं । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्वका प्रमुख औद्योगिक राष्ट्रहरुको समूह जी-७ को शिखर सम्मेलनमा भाग लिन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई निम्तो दिएका छन् । यही जुनको अन्त्यतिर हुनेगरी यसअघि तय भएको शिखर सम्मेलन कोरोना भाइरसको प्रकोपपछि स्थगित गरिएको छ । सेप्टेम्बर महिनामा यस बैठक हुने जनाइएको छ । ट्रम्पले केही समय अगाडि सम्मेलनमा भारत, रसिया, दक्षिण कोरिया र अस्ट्रेलियालाई पनि निमन्त्रणा गर्ने जानकारी दिएका थिए । टाइम्स अफ इन्डियामा अनुसार मोदीले ट्रम्पबाट जी७ सम्मेलनको निम्तो पाएका छन् । विश्वका प्रमुख औद्योगिक राष्ट्रहरु संयुक्तराज्य अमेरिका, जापान, बेलायत, फ्रान्स, जर्मनी, इटाली र क्यानाडा जि-७ मा सदस्य राष्ट्र हुन् । टाइम्स अफ इन्डियाका अनुसार मोदी र ट्रम्पबीच कुराकानी भएको थियो । दुवैबीच भारत र चीनबीचको सीमा विवाद, कोरोना महामारी, डब्लूएचओले गर्नुपर्ने सुधार र अमेरिकामा जारी आन्दोलनको बारेमा कुराकानी भएको थियो ।

# दशगजामा हजार बढी भारतीय अलपत्र

काँकडभिट्टा । भारतको पश्चिम बंगाल सरकारले आफ्ना नागरिकलाई प्रवेशमा अवरोध गर्दा करिब एक हजार भारतीय नेपाल-भारतको दशगजा क्षेत्रमा अलपत्र परेका छन् । उनीहरु निर्माणाधिन मितेरी पुल र मेची बगर क्षेत्रमा अलपत्र छन् । अलपत्र परेकाहरु अधिकांश नेपालका विभिन्न उद्योगमा कार्यरत श्रमिकहरु छन् । उनीहरु केही दिनदेखि काँकडभिट्टा बसपार्क क्षेत्रमा अलपत्र थिए । मेची नगरपालिका र स्थानीय प्रहरीको सहयोगमा उनीहरुलाई शगजामा लगेर छाडिएको हो । 'उनीहरुलाई राख्ने हामीसँग न क्वारेन्टाइन छ न त भात ख्वाउने क्षमता नै', मेची नगरका मेयर विमल आचार्यले भने, 'भारतले आफ्ना नागरिक बुझेर लगोस् भनेर दशगजामा छाडेका हौं ।' दुई दिनअघि असम, सिक्किम, मणिपुर लगायत भारतको पूर्वोत्तर राज्य प्रतिनिधिले नेपालमा अलपत्र नागरिक बुझेर लगेका थिए । तर, पश्चिम बंगालले भने नेपालबाट आउने नागरिकलाई राख्ने क्वारेन्टाइनको पर्याप्त तयारी नभएको कारण देखाएर रोकावट गरेको हो । इलाका प्रहरी कार्यालय काँकडभिट्टाका डीएसपी राजेन्द्र पोखेलले नाकामा भारतीयको भीड बढेको बढै हुँदा समस्या भएको जनाए । उनका अनुसार अझै २० हजार भारतीय पूर्वी नाकाबाट भारत फर्किंदै छन् । अधिकांश पश्चिम बंगालका हुन् । खासगरी इँटा कारखानामा कार्यरत मजदुरहरुको नाकामा भीड देखिएको छ । वर्षायामका कारण इँटा कारखानाहरु धमाधम बन्द हुन् थालेका छन् ।

## आर्थिक समाचार

# ग्लोबल आइएमई बैंकद्वारा प्रदेश नं. ५ सरकारलाई सहयोग

बुटवल । ग्लोबल आइएमई बैंकले कोरोना भाइरस (कोभिड -१९) विरुद्धको अभियानमा प्रदेश नं. ५ सरकारलाई नगद रु. २५ लाख सहयोग गरेको छ । बुधबार एक कार्यक्रमका बीच बैंकको प्रदेश नं. ५ का नायव प्रदेश प्रमुख दिलिप डाँगीले प्रदेश नं. ५ सरकारका मुख्यमन्त्री शंकर पोखरेललाई उक्त रकमको चेक हस्तान्तरण गरेका हुन् । उक्त कार्यक्रममा बोल्दै मुख्यमन्त्री पोखरेलले कोरोना भाइरस (कोभिड -१९) विरुद्धको अभियानमा बैंकले गरेको यस सहयोग महत्वपूर्ण रहने उल्लेख गर्दै बैंकलाई धन्यवाद दिए । कोभिड-१९ ले आम विश्व समुदायलाई त्रसित बनाइरहेको अवस्थामा नेपाल र नेपाली पनि उच्च जोखिममा रहेको यस घडीमा यस योगदानबाट यो भाइरस विरुद्ध लड्न थप प्रेरणा र सहयोग हुने विश्वास बैंकले लिएको छ । बैंकले स्थापनाकालदेखि नै दैवी तथा अन्य विपत्तीको अवस्थामा आफ्नो सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर विभिन्न कार्यहरुमा सहयोग गर्दै आएको छ र आगामी दिनहरुमा समेत यस्तो सहयोगलाई निरन्तरता दिँदै जाने बैंकले जनाएको छ ।

# फोटो पत्रकारलाई प्रेस ज्याकेट हस्तान्तरण

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडले विभिन्न जिल्लामा रहेर पत्रकारिता गर्ने फोटो पत्रकारहरुलाई प्रेस ज्याकेट उपलब्ध गराएको छ । आइतबार एक कार्यक्रमकाबीच बैंकका नायव महाप्रबन्धक सुरेन्द्रराज रेग्मीले नेपाल फोटो पत्रकार महासंघका अध्यक्ष ध्रुव आलेलाई उक्त ज्याकेटहरु हस्तान्तरण गरेका हुन् । बैंकमा आयोजित एक कार्यक्रममा बोल्दै बैंकका नायव महाप्रबन्धक रेग्मीले प्रेस ज्याकेटले फोटो पत्रकारहरुलाई बन्दाबन्दीको अवस्थामा रिपोर्टिङमा जाँदा सहज हुने अपेक्षा रहेको बताए । उनले नेपाल फोटो पत्रकार महासंघमार्फत फोटो पत्रकारहरुलाई सहयोग गर्न पाएकोमा खुशीसमेत व्यक्त गरे । नेपाल फोटो पत्रकार महासंघका अध्यक्ष ध्रुव आलेले बैंकले प्रदान गरेको प्रेस ज्याकेटले फोटो पत्रकारहरुलाई महामारीको अहिलेको जटिल परिस्थितिमा रिपोर्टिङमा सहज हुने बताए । उनले ज्याकेट सहयोगको लागि बैंकलाई धन्यबाद समेत ज्ञापन गरे । बैंकले स्थापनाकाल देखि नै संस्थागत सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर विभिन्न सामाजिक कार्यहरुमा सहयोग गर्दै आएको छ । उक्त कार्यक्रममा महासंघका पदाधिकारीहरु तथा बैंकका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# भारतमा लकडाउन खुकुलो

काठमाडौं । भारतमा कोरोना भाइरसको जोखिम रोक्न पछिल्लो पटक लकडाउनको अवधि एक महिना लम्ब्याइए पनि केही खुकुलो गरिएको छ । दैनिक जनजीवन सहज बनाउन लकडाउन केही खुकुलो पारिएको हो । भारत सरकारले शनिबार एक महिनाका लागि लकडाउन लम्ब्याउने निर्णय गर्दै संक्रमण नदेखिएका क्षेत्रमा खुकुलो बनाउने निर्णय गरेको हो । भारतमा चौथो पटक थपिएको लकडाउनको समय आज सकिँदै छ । भारतीय गृह मन्त्रालयले सोमबार जुन १ देखि जुन ३० सम्म लागू हुनेगरी पाँचौं पटक लकडाउनको समय थपेको छ । भारतको गृह मन्त्रालयद्वारा जारी विज्ञप्तिमा लकडाउन लम्ब्याउनुका साथै विभिन्न छुटसहित खुकुलो पारिएको बारे जानकारी दिइएको छ । पाँचौं पटकको लकडाउनको निर्देशिकामा तीन चरण निर्धारण गरिएको छ । पहिलो चरणमा ८ जुनबाट धार्मिक स्थल, होटल, सैलून, रेस्टुरेन्ट खोल्ने अनुमति निश्चित सर्तसहित दिइनेछ ।

रातको समयमा लगाइएको कर्फ्यूको समय घटाइएको छ । अन्तर्राष्ट्रिय उड़ान, मेट्रो रेलको सञ्चालन, सिनेमा हल, जिम, स्वीमिङ पुल, थिएटर, बार र सभा हल सुरक्षा सतर्कताका साथ खोल्न निर्णय पनि केन्द्र सरकारले लिन सक्ने भारतीय मिडियाले जनाएका छन् ।

# नेपालमा रोकिएका भारतीय नागरिक स्वदेश फिर्ता

काठमाडौं । भारतीय सरकारले लकडाउनका कारण नेपालमा रोकिएका आफ्ना नागरिकलाई स्वदेश फिर्ता लगेको छ । विभिन्न काम विशेषले काठमाडौं उपत्यकामा आइ रोकिएका भारतीय नागरिकलाई भारतीय राजदूतावासको पहलमा स्वदेश फिर्ता लगिएको छ ।

लामो समय जारी रहेको लकडाउनका कारण काठमाडौंमा व्यापार व्यवसाय गर्ने भारतीय नागरिक, धार्मिक भ्रमणका लागि आएका, आफन्त भेटघाटका लागि आएका आफ्ना नागरिकलाई बिहीबार पनि भारत लैजाने व्यवस्था मिलाएको हो ।

दूतावासका अनुसार सम्पर्कमा आएका आफ्ना नागरिकलाई बस मार्फत लैजाने व्यवस्था गरिएको छ । भारत सरकारले यस अघि पनि नेपमालमा आई विभिन्न ठाउँमा रोकिएर बसेका आफ्ना नागरिकलाई उद्धार गरी प्लेन मार्फत स्वदेश फिर्ता लगेको थियो ।




## मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

**मोबाइल : ९८४३१४६४८८**

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं